# संघीय संसद

# राष्ट्रिय सभा

## सातौं अधिवेशन

## कार्यवाहीको सम्पूर्ण विवरण

## २४ पुस २०७७

## शुक्रबार

## बैठक सङ्ख्या-३

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा शुक्रबार दिउँसो १:०५ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय नारायणकाजी श्रेष्ठ । समय १५ मिनेट । यसपछि माननीय तारा देवी भट्ट ।

**माननीय श्री नारायणकाजी श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्ष महोदय, यद्यपि मैले समयको हिसाबले १५ मिनेट भनिसकेपछि अर्को एक जना साथीले पनि माननीयज्यूले मलाई समय दिनुभएको छ । त्यसमा ध्यान दिनु नै हुनेछ ।

सम्माननीय अध्यक्ष महोदय, नेपाली जनताले सात दशकभन्दा बढी लामो संघर्ष गरेर बलिदानीपूर्ण संघर्ष गरेर नेपालमा ठूलो ऐतिहासिक राजनीतिक परिवर्तन हासिल गऱ्यो । त्यसलाई हामीले नेपालको संविधानमा नेपाली जनताका प्रतिनिधिहरूले आफ्नो सार्वभौम अधिकार प्रयोग गरेर संस्थागत गऱ्यौं र नयाँ संविधान निर्माणको प्रक्रियापछि संविधान क्रियान्वयनको प्रक्रिया अगाडि बढायौं । वास्तवमा नेपालका सबै लोकतन्त्रवादी शक्तिहरूको लागि एउटा गर्वको विषय रह्यो कि नेपालमा नेपाली जनताले ६ दशकभन्दा बढी संघर्ष गरेर एउटा नयाँ मोडेलको लोकतन्त्र, परम्परागत संसदीय गणतन्त्रभन्दा उन्नत प्रकारको समाजवाद उन्मुख समावेशी लोकतन्त्र स्थापित गरे । राजनीतिक प्रणालीको हिसाबले संघीय लोकतान्त्रिक गणतन्त्र र सामाजिक सारतत्त्वको हिसाबले समाजवाद उन्मुख लोकतन्त्र स्थापित गरियो । त्यो सबै लोकतन्त्रवादीहरूलाई गर्वको विषय हो र नेपाली कम्युनिष्टहरूको लागि भने अझ गर्वका अतिरिक्त ऐतिहासिक अवसर प्राप्त भयो । आफैंले निर्माण गरेको संविधान, आफैंले जारी गरेको संविधान त्यो संविधान कार्यान्वयनको प्रक्रिया अन्तर्गत निर्वाचनमा गएपछि नेपाली जनताले यो संविधानको कार्यान्वयन गरेर राजनीतिक उपलब्धिहरूलाई सामाजिक, आर्थिक क्षेत्रमा रूपान्तरण गर्ने, सामाजिक न्यायसहितको समृद्ध मुलुक बनाउने, समाजवादको आधार तयार पार्ने र समाजवाद निर्माणको दिशातिर आगाडि बढ्ने जनादेश पनि हामीलाई दियो । वास्तवमा नेपालमा शान्तिपूर्ण प्रतिस्पर्धाबाटै संवैधानिक बाटोबाट नै २१ औं शताब्दीअनुरूपको नयाँ मोडेलको समाजवाद निर्माण गर्ने ऐतिहासिक अवसर नेपाली कम्युनिष्टहरूलाई प्राप्त भयो र आजको हाम्रो ऐतिहासिक जिम्मेवारी यही संविधानको कार्यान्वयन गरेर सामाजिक आर्थिक रूपान्तरण गर्ने, समाजवादको आधार तयार पार्ने र समाजवादको दिशातिर अगाडि बढ्ने हो । तर सम्माननीय अध्यक्ष महोदय, यद्यपि त्यही संघर्षको परिणाम स्वरूप आज सम्माननीय अध्यक्षज्यू अध्यक्षको त्यो सिटमा आसीन हुनुहुन्छ । म आज यहाँ राष्ट्रिय सभाको गरिमामय अधिवेशन बैठकमा बोल्ने अवसरबाट युक्त छु र हामी बोलिरहेका छौं ।

तर यहीं २०७७ साल पुस ५ गते सम्माननीय प्रधानमन्त्री केपी ओलीको नेतृत्वको सरकारले संविधानको ठाडो उल्लङ्घन गरेर नेपालमा संविधानले दिँदै नदिएको अधिकार प्रयोग गरी प्रतिनिधि सभा विघटन गर्ने असंवैधानिक कदम चालियो । यो कदम असंवैधानिक मात्रै होइन, यो अलोकतान्त्रिक हो, यो प्रतिगामी हो र यो स्वेच्छाचारी र निरङ्कुश कदम हो । यसले नेपालमा नेपाली जनताले लडेर ल्याएको उपलब्धिहरूलाई

खोस्ने काम गरेको छ, अपहरित गर्ने काम गरेको छ । यो तत्कालको एउटा प्रतिगामी कदम मात्र होइन । यसले समग्र प्रतिगमनको आधार तयार गर्ने त होइन भन्ने ठूलो आशङ्का पैदा गरेको छ र हामीले ल्याएको ऐतिहासिक राजनीतिक परिवर्तनमाथि कालो बादल मडारिन थालेको छ । तर नेपाली जनताले त्यसलाई कुनै पनि हालतमा रक्षा गरी छाड्नेछन् भन्ने सङ्कलप गरेका पनि छन् । म प्रष्टसँग भन्न चाहन्छु, सम्माननीय अध्यक्ष महोदय, के यो संवैधानिक छ ? कसैले भन्न सक्छ यो संवैधानिक छ ? यतिखेर संविधान निर्माण गर्दा हामी सबैले राष्ट्रिय राजनीतिक एकता कायम गऱ्यौं । राष्ट्रिय राजनीतिक सहमति कायम गऱ्यौं कि अब राजनीतिक स्थिरता सुनिश्चत गर्नका निम्ति पहिला जस्तो संसद विघटन गर्ने अधिकार अब कुनै प्रधानमन्त्रीलाई नदिने भनेर राष्ट्रिय राजनीतिक सहमति कायम गऱ्यौं । त्यो राष्ट्रिय राजनीतिक सहमतिको आधारमा संविधानमा हामीले त्यो व्यवस्था गऱ्यौं । यो सबैलाई थाहा छ । नेपाली आम जनतालाई थाहा छ कि राष्ट्रिय राजनीतिक सहमति त्यतिखेर के थियो ? र अहिले संविधान विद, कानून व्यवसायी, कानूनको विद्यार्थी मात्र होइन संविधानको धारा अक्षर पढ्न सक्ने सबै नेपालीलाई थाहा छ कि संविधानमा प्रधानमन्त्रीलाई संसद वा प्रतिनिधि सभाको विघटन गर्ने कुनै विशेषाधिकार छैन । त्यति हुँदाहुँदै पनि संविधानमा हुँदै नभएको अधिकारको प्रयोगको हवाला दिँदै संविधानमाथि घात गरियो र प्रतिनिधि सभा विघटन गरियो ।

सम्माननीय अध्यक्ष महोदय, यो संविधानको धारा ७६ को (१), धारा ७६(२), धारा ७६(३), धारा ७६(५), चार वटा धाराहरूले सरकार निर्माणको विकल्पहरू प्रदान गरेको छ । पहिलो विकल्प, बहुमत प्राप्त दलको नेता प्रधानमन्त्री हुन्छन् । त्यस्तो हुन सकेन भने २ वा २ भन्दा पार्टीहरूको समर्थन प्राप्त व्यक्तिले सरकार गठन गर्छ । त्यो पनि हुन सकेन भने सबभन्दा ठूलो पार्टीलाई सरकार बनाउने अवसर दिइन्छ । त्यो पनि भएन भने त्यतिखेर कुनै प्रतिनिधि सभाको सदस्यले मलाई बहुमत छ भन्ने कुनै आधार देखायो भने उसलाई पनि संविधानको धारा ७६ (५) अन्तर्गत अवसर दिइन्छ । तर कुनै पनि कोणबाट १ मात्रै होइन ५ सम्म आउने कुनै सम्भावना अन्तर्गत सरकार बनेन भने यो संवधानले के भन्छ, संविधानको धारा ७६ (७) अन्तर्गत भने त्यतिखेर प्रतिनिधि सभा स्वतः विघटन हुन्छ । त्यसकारणले प्रतिनिधि सभा विघटन गर्ने अधिकार विशेषाधिकार दिइएको छैन । सरकार बन्न सकेन भने प्रतिनिधि सभा विघटन हुने अवस्थाको उल्लेख गरेको छ, संविधानले । र प्रधानमन्त्रीलाई विशेषाधिकार होइन, अधिकार होइन, यदि सरकार बन्ने नसक्ने स्थिति भयो भने दुई खालको प्रधानमन्त्रीलाई

प्रतिनिधि सभा विघटनको अवस्थाको निम्ति बाध्यकारी दायित्त्व दिएको छ, विघटनको सिफारिस गर्न, अधिकार होइन । त्यतिखेर विघटनको सिफारिस गर्नैपर्छ । जब सरकार बन्दैन वा सरकार बन्ने विकल्पअन्तर्गत बनेको प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न सक्दैन, त्यसपछि तीस दिनभित्र प्रतिनिधि सभा स्वतः विघटन हुने र ६ महिनाभित्र निर्वाचन हुने प्रावधान छ र त्यसको निम्ति म चाहिँ सिफारिस गरूँ कि नगरूँ भन्न पाउँदैन । अधिकार भनेको गरूँ कि नगरू भन्ने हो । त्यतिखेर प्रतिनिधि सभा स्वतः विघटन हुन्छ । त्यो विघटनको औपचारिकता कुरा गर्नलाई प्रधानमन्त्रीले विघटनको सिफारिस गर्न बाध्यकारी हुन्छ । त्यसकारणले गर्दाखेरि अहिलेको संविधानको धारा ७६ ले कहीँ कतै यसलाई संविधानको कुनै धाराले प्रधानमन्त्रीलाई प्रतिनिधि सभाको विघटन गर्ने अधिकार दिएको छैन । त्यो प्रष्ट छ । त्यसकारण यो असंवैधानिक छ र भनिन्छ, धारा ८५ को एउटा हरफ, यस संविधानबमोजिम प्रतिनिधि सभा विघटन हुनुभन्दा अगावै भन्ने शब्दको प्रयोग टिपेर त्यो त विघटन हुन सक्ने रहेछ नि भनिन्छ । म फेरि भन्न चाहन्छु, विघटन गर्ने अधिकार छैन, विघटन हुने स्थिति छ, सरकार नबनेको अवस्थामा । कुनै मान्छेले वकपत्रले अथवा कुनै आफ्नो सम्पत्ति मृत्युपछि शेषपछि अरु कसैलाई दिने भनेर शब्द फेला पार्‍यो भने मारेर दिने भन्ने अर्थ लाग्छ, अध्यक्ष महोदय ? त्यसकारणले यो पूर्ण रूपमा असंवैधानिक छ । संविधान विरोधी छ । यसमा कुनै द्विविधा छैन ।

अब अर्को पक्ष पनि आएको छ, यो संवैधानिक त कसैले भन्न सकेको छैन । पूर्वप्रधानन्यायाधीशहरू, बारका पूर्वअध्यक्षहरू, पूर्वमहान्यायाधीवक्ताहरू, सबै कानून व्यवसायहरू, सबै राजनीतिक पार्टीका नेताहरू, राजनीतिक पार्टीहरू, सबै बुद्धिजीविहरूले एकस्वरले भनेका छन् यो असंवैधानिक र अलोकतान्त्रिक छ भनेर । तर हाम्रो प्रधानमन्त्री र प्रधानमन्त्रीका समर्थन गर्ने कतिपय साथीहरूले भन्नु भएको छ, राजनीतिक बाध्यता पर्‍यो, संवैधानिक त होइन, संवैधानिक हो भन्न त सकिँदैन, राजनीतिक बाध्यता पर्‍यो । के हो बाध्यता ? कुनै बाध्यताका कारणले संविधान मिच्न पाइँदैन, संविधानमाथि प्रहार गर्न पाइँदैन, संविधानलाई उल्लङ्घन गर्न पाइँदैन यो राजनीतिक परिवर्तनमाथि आक्रमण गर्न पाइँदैन । अब रह्यो हाम्रो पार्टीभित्रकै अवस्थाको कुरा गर्ने हो भने यो सम्मानित सदनसम्म पार्टीभित्रको धेरै कुरा गर्न चाहन्नँ । तर पार्टीलाई विधि र पद्दतिमा सञ्चालन गर्न सक्रिय बनाउँन र पार्टीको मार्गदर्शनमा सरकार चलाउन र सरकारलाई जनमुखी बनाएर समृद्धिको लक्ष्य पूरा गर्न पार्टीमा निश्चय पनि छलफल

भएका थिए । पार्टी एकतालाई कायम गर्न, सरकारलाई जनमुखी बनाउन र जनादेशलाई पूरा गर्नका निम्ति के कसरी अगाडि बढ्नु पर्छ भनेर हाम्रो पार्टीमा निश्चित रूपमा छलफल भएको थियो । त्यो छलफलको आधारमा हामी अगाडि बढ्ने प्रयत्न गरिराखेका थियौं । हाम्रो पार्टीमा २ प्रस्तावहरू प्रस्तुत भएका थिए । पार्टीको सङ्कट र निवारण सम्बन्धमा । त्यसमाथि छलफल हुँदै थियो । छलफलले कुनै निश्कर्ष निकालेको थिएन । अनि त्यतिखेर त्यसको आधारमा कुनै निश्कर्ष निकालेर संविधान मिच्न पाइन्छ ? संविधान अपहरण गर्न पाइन्छ ? पाइँदैन । पहिलो कुरो, कुनै राजनितिक पार्टीको आन्तरिक मामिलाको कारणले नेपाली जनताले संघर्ष गरेर ल्याएको संविधानको हत्या गर्न, प्रहार गर्न पाइँदैन । २, हाम्रै पार्टीको कुरा गर्ने हो भने निश्कर्ष निकालिसकिएको थिएन । पार्टीमा छलफल हुँदै थियो, स्थायी कमिटीको बैठक बसिराखेको थियो, केन्द्रीय कमिटीको बैठक बस्नेवाला थियो र त्यसले कुनै प्रकारको व्यक्तिको स्वार्थ अनुकूल निर्णय नगर्ने भनेर लाग्दैमा संविधानमाथि प्रहार गर्न पाइँदैन, सम्माननीय अध्यक्ष महोदय । त्यसकारणले यो कोणबाट पनि बेठीक छ ।

जहाँसम्म सर्वोच्च अदालतको प्रश्न छ, यो सम्मानित सर्वोच्च अदालतमा अहिले विचाराधीन छ । संविधान अन्तर्गत सर्वोच्च अदालतले निर्णय गर्ने हो । शक्तिपृथकीकरणको सिद्धान्त अन्तर्गत संविधानले निश्चित जिम्मेवारीहरू संवैधानिक अङ्गहरूलाई दिएको छ । संवैधानिक अङ्गहरूको भूमिकाप्रति स्वच्छ, उनीहरूको काम, कारबाहीप्रति स्वतन्त्र भूमिकाप्रति हामी विश्वस्त छौं । तर एउटा कुरा प्रष्ट छ, सर्वोच्च अदालतले पनि संविधानकै आधारमा टेकेर फैसला गर्ने हो, संविधानबाहिर गएर होइन । सर्वोच्च अदालतलाई हाम्रो संविधानले संविधान संशोधन गर्ने अधिकार दिएको छैन । संविधानअन्तर्गत फैसला गर्ने मात्र अधिकार दिएको छ । त्यसको साथसाथै सर्वोच्च अदालतले संविधान संशोधन गर्ने यो मात्रै विषयमा गऱ्यो भने यो संविधान कागजको खोस्टोमा परिणत हुन्छ । संविधानमा हुँदै नभएको प्रवधान कसैले प्रयोग गर्ने र त्यसलाई अनुमोदन गर्न संविधान संशोधनको फैसला सर्वोच्च अदालतले गऱ्यो भने यो कागजको खोस्टोमा संविधान परिणत हुन्छ, संविधान च्यातिएको अवस्था हुन्छ र समग्र व्यवस्थामाथि एउटा प्रहार हुन्छ र समग्र व्यवस्था उल्टिने प्रतिगमनको दिशातिर जाने खतरा हुन्छ । त्यो कुरा कुनै पनि हालतमा सह्य हुन सक्दैन । त्यसैले संवधानसम्मत ढङ्गले अदालतले फैसला गर्नु पर्दछ, गर्नेछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

जहाँसम्म सम्माननीय अध्यक्षज्यू, अहिलेको परिस्थितिको कुरा छ, सम्माननीय प्रधानमन्त्रीज्यूलाई पनि त्यत्रो लोकतन्त्रको संघर्ष गर्नुभयो, उहाँ जेल बस्नुभयो । अहिले म फेरि भन्न् चाहन्छु, हाम्रो कुनै पदीय स्वार्थमा घात हुनेभयो भन्ने कसैलाई लाग्यो भने वा हुने नै भयो भने पनि पार्टी एकता पनि पदका निम्ति र संविधान पनि, लोकतन्त्र पनि पदका निम्ति, पार्टी विधान पनि पदका निम्ति, संविधान पनि कुनै पदका निम्ति आफ्नो पदको सुरक्षा नहुने भयो भने पार्टी एकता पनि भङ्ग, लोकतन्त्रमाथि पनि प्रहार, पार्टी विधान पनि मान्दिनँ, संविधान पनि मान्दिनँ भन्न पाइँदैन, अध्यक्ष महोदय । त्यसैकारणले म विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु, अहिले पनि अवसर छ । असंवैधानिक घोषणाप्रति आत्मालोचना गर्दै अब प्रतिनिधि सभा सुचारु होस् भन्ने दिशातिर प्रधानमन्त्रीज्यू पनि आयो भने एउटा नयाँ सिलसिला सुरु हुन्छ । संविधानलाई ट्र्याकमा राखिन्छ, लोकतन्त्रको रक्षा गरिन्छ । त्यति मात्रै होइन, एकीकृत नेपाल कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउने हाम्रो पार्टी एकतालाई फेरि एकताबद्ध गरेर अगाडि बढाउने सम्भावना पनि पैदा हुन्छ । त्यसको निम्ति पनि अनुरोध गर्न चाहन्छु ।

अन्त्यमा सम्माननीय अध्यक्ष महोदय, हामीले यतिखेर हाम्रा पुर्खाहरूलाई सम्झौं । यति सुन्दर देश दिनुभयो । सबै उपनिवेश हुँदा पनि यो महादेशमा हाम्रो देशलाई स्वतन्त्र बनाएर राख्नुभयो, हाम्रा पुर्खाहरूले । हाम्रा पुर्खाहरूले सगरमाथाको देश दिनुभयो, लुम्बिनी बुद्धको देश दिनुभयो, जनकपुरको देश दिनुभयो, जनकको देश दिनुभयो । र सारा देशभित्र जलवायुको हिसाबले, हावापानीको हिसाबले, विकासका सम्भावनाका हिसाबले यस्ता सम्भावना भएको देश दिनुभयो । र अहिले हामीले त्यो सम्भावनालाई साकार पार्नका निम्ति, समृद्ध नेपाल बनाउनका निम्ति, लोकतन्त्रको निम्ति लड्यौं र लोकतान्त्रिक नेपालको स्थापना गर्‍यौं । अब हामीले त्यो लोकतन्त्रको रक्षा गरेर, लोकतन्त्रलाई अझ विकास गरेर, संविधानका कमी, कमजोरीहरूलाई अझ परिमार्जन गरेर हामीले सामाजिक आर्थिक रूपान्तरण गरेर समृद्ध नेपाल बनाएर शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्यान्न, आवास सबै मौलिक अधिकारको ग्यारेन्टि गरेर आम जनतालाई परिवर्तनको अनुभूति आफ्नै पोल्टामा प्राप्त गर्न सक्ने स्थिति सिर्जना गरेर समृद्ध नेपाल र समाजवादी नेपाल बनाउनु हो । त्यो हाम्रो पुर्खाको स्मृति गरेर कसरी सामना गर्न सक्छौं ? के भनेर सामना गर्न सक्छौं ? सहिदहरूलाई हामी कसरी सम्झने ? कसरी श्रद्धाञ्जली दिने ? तिनले केका निम्ति रगत बगाए ? फेरि लोकतन्त्र ल्याउने, फेरि लोकतन्त्र मिच्ने अनि प्रतिगमनको विरुद्ध फेरि संघर्ष गरिराख । समृद्ध नेपाल बनाउनु

छैन । आदिवासी जनजाति, महिला, दलित, अल्पसङ्ख्यक समुदाय, आम शोषित पीडित जनतालाई, पिछडिएको जनताको जीवन फेर्न समृद्ध नेपाल बनाउने काम गर्नु छैन । फेरि संविधान मिच लोकतन्त्रको हत्या गर, फेरि प्रतिगमन विरोधी आन्दोलन गर । यसैको निम्ति हो त हामीले संघर्ष गरेको र सहिदहरूले बलिदान दिएको ? हाम्रो पुर्खाहरूले हामीलाई यो देश दिएको ? त्यसकारणले पुर्खालाई स्मरण गरौं, सहिदहरूलाई स्मरण गरौं । उनीहरूलाई श्रद्धाञ्जली दिइरहँदाखेरि सोचौं । हामी सबैले आत्मआलोचक पनि हौं । कुनै एउटा व्यक्तिलाई मात्रै पनि म भन्दिनँ । राजनीतिक पार्टीहरू, राजनीतिक नेताहरू हामी सबै आत्मआलोचक हौं । हामीले के गरिरहेका छौं ? हामी सबैका कमी, कमजोरीहरूप्रति पनि हामी आत्मआलोचक हौं र नयाँ नेपाल बनाऊँ । त्यसको निम्ति अगाडि बढौं । तर एकातिर सधैं प्रतिगमन हुने र प्रतिगमनविरुद्ध लडिरहने, जनताको जीवन बर्वाद हुने, जनजीविकाको समस्या त्यस्तै भइरहने । ४० लाख नेपाली श्रमिकहरू विदेशमा बसिरहनु पर्ने, रगत, पसिना विदेशी भूमिमा चुहाइरहनु पर्ने र नेपालको राजनीति चाहिँ फेरि सत्ताको फोहरी खेल हो भन्ने स्थिति बनिरहने हो त ? त्यसैले प्रतिगमन होइन, लोकतन्त्रको विकास गरौं, समृद्ध नेपाल बनाऊँ, राजनीति फोहर खेल होइन, राजनीतिलाई सफा गरौं । विचार, सिद्धान्त, राजनीति नैतिकता, मूल्यका आधारमा अगाडि बढौं । त्यसको निम्ति म सबैलाई अपिल गर्दै बिदा हुन्छु । धन्यावाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय तारा देवी भट्ट। सयम १० मिनेट । यसपछि माननीय देवेन्द्र दाहाल ।

**माननीय श्री तारा देवी भट्ट (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी अत्यन्त संवेदनशील अवस्थामा छौं । कोरोनाको महामारीसँग जुधिरहेका छौं । साथै यसको अर्को थप चुनौतीपूर्ण ठूलो महामारीको सङ्केत आउन सक्ने सङ्केत विज्ञहरूले दिइसकेका छन् । सिङ्गो मुलुक दत्तचित्त र एक भएर सामना गर्नु पर्नेबेला सरकार ढलाउने, संसद विघटन गर्ने एवं कुर्चीको हानथापमा न त सरकार नै संवेदनशील छ न अन्य देखिएका छन् जुन मुलुकको लागि दुर्भाग्यपूर्ण भएको छ । नेपाली जनतालाई केन्द्रबिन्दु बनाएर अघि बढ्नुपर्ने बेला जनताको सर्वोच्च निकाय प्रतिनिधि सभालाई नै

वर्तमान समयमा विघटन गरिनु कुनै पनि ढङ्गले ठीक छैन । यसको म घोर विरोध गर्दछु । जनताको म्याण्डेटअनुसार मुलुकमा स्थिर सरकार र सुशासन, समृद्धि र दीगो विकासको अपेक्षा गरिएको थियो । तर विडम्बना भएको छ, हरेक नेपाली जनता मर्माहत भएको अवस्था छ ।

म आज सरकारको विशेष ध्यानाकर्षण गराउन चाहन्छु कि दिगो विकासका लक्ष्यहरू हासिल गर्न हामी अति चिन्तित र समय हेरेर आशातित भएर हौसिएको अवस्था थियो । म के स्मरण गराउन चाहन्छु भने नेपालले जनाएको अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार सन् २०१५ दिखि २०३० सम्म हामीले दीगो विकासका लक्ष्यहरू प्राप्त गरिसक्नुपर्ने र हामीसँग पूर्वसरकारको पालामा बनेको रोडम्याप मात्र छ । काम केही भएको छैन । कुराहरू ठूल्ठूला भएका छन् । लक्ष्यहरू हासिल गर्नका लागि हामीसँग अरबौं रकम नपुग भएको अवस्था छ । ती लक्ष्यहरू प्रप्त गर्नका लागि कतिपय अवस्थामा सहुलियत ऋण लिनु पर्ने छ भने कतिपय अवस्थामा दीगो विकासका लक्ष्य १७ अन्तर्गत विभिन्न राष्ट्रहरूमार्फत लगानी भित्र्याउनु पर्नेजस्ता लक्ष्यहरूतर्फ सरकारको ध्यान जान जरुरी छ । हामी दीगो विकास लक्ष्यहरू प्राप्त गर्नका लागि ४ वर्ष त्यसै नै ढिलो भइसकेका छौं । विकास निर्माणका लागि अर्बौं रकम नपुग भएको अवस्थामा निर्वाचनमा अर्बौं खर्च गर्न खोज्नु कुनै पनि हिसाबले ठीक छैन । र म दीगो विकास तथा सुशासन समिति सभापतिको हैसियतले पनि यो कुराको घोर विरोध गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, आज म यस सम्मानित सदनमार्फत सरकारको के ध्यानाकर्षण गराउन चाहन्छु भने हामीले झण्डै २०० वर्ष पुरानो व्यवस्था खारेज गरेर २०४७ सालको उत्कृष्ट संविधानलाई पनि मान्दैनौं भनेपछि यो नयाँ संघीयताको खाका कोरेका होइनौं र ? यति वर्ष पुरानो व्यवस्थालाई खारेज गरिसकेपछि जनताबाट फ्रेस म्याण्डेट लिएर नयाँ नेपालको खाका कोर्नु र देशको आर्थिक वृद्धि गर्न सुशासन र दीगो विकास गरी देशलाई समृद्धतर्फ बढाउने भनी पुराना विकृत्तिहरू हटाई नयाँ र अग्रगामी विकास दिने भनेका होइनौं र ? जनताबाट फ्रेस म्याण्डेट लिएको ३ वर्ष नपुग्दै अर्को फ्रेस म्याण्डेट लिनुपर्ने किन आवश्यकता पऱ्यो ? जनताले झण्डै दुई तिहाइ दिइएर देशको विकास र समृद्धितर्फ जाऊँ भनेको फ्रेस म्याण्डेट होइन र ? अहिले नै विभिन्न वैकल्पिक अवस्थाहरू हुँदाहुँदै किन चुनावमा जानु पर्ने ? सरकारको पारा असक्षमता र क्रियाकलापहरू जनताहरूले प्रत्यक्ष रूपमा हेरिरहेका छन् । र अझै पनि भन्न चाहन्छु कि अहिलेको विषम परिस्थिति हो । यस्तो अवस्थामा हामीले रोगहरूको व्यवस्थापन र

विकासमा मुद्दाहरूमा बहस तथा छलफल गर्नु पर्ने बेला चुनाव गर्नेजस्ता कतै नभएको जात्रा हाँडी गाउँमा भनेको उखान चरितार्थ गर्दैछौं ।

सम्माननीय अध्यक्ष महोदय, हाम्रो समितिले भर्खरै हाम्रो समितिबाट पास गरेर दीगो विकास लक्ष्य कार्यान्वयन संसदीय निगरानी भन्ने प्रतिवेदन तथा परीक्षण सूची तयार पारेका छौं । जुन राष्ट्रिय सभा, प्रतिनिधि सभा र ७ वटै प्रदेशका संसदहरूको लागि तयार पारिएको हो । तर विडम्बना हामीले हाम्रा विकास कार्यान्वयनको अभ्यास गर्नुपर्ने बेला प्रतिनिधि सभा नै भङ्ग किन गरियो ? हाम्रो ती विषयहरूमा असल अभ्यास गर्नुपर्ने बेला हाम्रो भूमिका नै हनन् भएको मैले महशुस गरेकी छु । हामीले सारगर्वित विषयहरूमा नीति सम्वाद कार्यक्रमको राष्ट्रिय सभाबाटै आयोजना र सुरुवात गरेर प्रतिनिधि सभाका संसदहरू र प्रदेश सभामा पनि यो विषय समेट्नुपर्छ भन्ने सुझाव प्राप्त भएका थिए । ती अधुरा रहने दिखिए । अब प्रदेश र स्थानीय तहहरू पनि भङ्ग गरिने कुरा समाचारमा आइरहेका छन् ।

सम्माननीय अध्यक्ष महोदय, हामी कतातिर गइरहेका छौं ? हाम्रा क्रियाकलापले व्यवस्थापन नै धरापमा पर्ने त होइन ? यो डराउनुपर्ने अवस्था आएको छ । सरकारलाई के स्मरण गराउन चाहन्छु, यो सम्मानित सदनमार्फत भने नेपालको नयाँ संविधानको प्रस्तावनामा नै मुलुकको मुल कानून संविधानलाई मानेको छ र त्यसको प्रस्तावनामा नै सार्वभौमसत्ता जनतामा निहित रहन्छ, भनिएको छ । त्यसैले जनताले पुराना विकृतिहरूबाट आर्जित भएर ५ वर्ष नेकपाको सरकारलाई फ्रेस म्याण्डेट दिएकै हो । यहाँ प्रश्न के खडा भएको छ भने आफ्ना सहयात्री, मित्रहरू र आफ्नै पार्टीभित्र समन्वय गर्न नसक्नेले देश र विदेशमा कसरी कुटनीति कायम गरेका होलान् ? कतै हाम्रो देशलाई उचाइ र साख खसेको त होइन ? आफ्नै परिवार मिलाउन नसक्नेले सिङ्गो देश कसरी हाँक्न सक्ला ? काम नगरी खोक्रो नाराले देश बन्ने हो र ? हामी हाम्रो महत्त्वपूर्ण समयलाई कसरी खेर फालिरहेका छौं ? कसलाई हेक्का छ ? प्रतिनिधि सभा विघटन गरिएको छ जुन जनताको मर्म विपरीत त छँदैछ तर यो अहिले सर्वोच्च अदालतमा विचाराधीन भएकोले हामीलाई कुर्नुपर्ने भएको छ र मलाई विश्वास छ, मूल कानून संविधान र जनताको सर्वोच्चालाई ध्यानमा राखेर अदालतले निर्णय नै गर्ने छ ।

सम्माननीय अध्यक्ष महोदय, यस्तो विषम परिस्थितिमा मेरै गोरुको बाह्रै टक्का भन्ने हुँदैन । अन्य कुराहरू पनि विचार गर्नुपर्छ । बाढी पीडित, पहिरो पीडित अहिले पनि

पालमुनि छन् । उनीहरूको व्यवस्था भएको छैन । वृद्ध नागरिक र बच्चाहरूले ज्यान गुमाई नै रहेका छन् । सुत्केरीहरूको बिजोग छ, गरिबहरू भोकले छट्पटाइरहेका छन् र प्रधानमन्त्री भन्नुहुन्थ्यो, भोकले अब कोही मर्नेवाला छैन, भोको कोही हुँदैन भन्ने उक्ति कहाँ गयो ? सम्माननीय अध्यक्ष महोदय, अहिले पनि हामी अल्पविकसित राष्ट्रकै सूचीमा छौं र सन् २०२२ सम्ममा हामी माथि जाने कुरा अवस्था देखिँदैन । देश गरिबीको रेखामुनि गएको बेला रेल र पानिजहाज हाम्रोजस्तो मुलुकमा के काम ? र ठूला भ्यू टावरले भोको पेट भरिने हो र ? निर्मला काण्ड, बझाङको काण्ड देशभरि भएका त्यस्तै प्रकृतिका काण्डहरूको केही नभएको कुरा जनताहरूले अब सोध्ने बेला आइसकेको छ । दिनानुदिन बालिका र महिलामाथि हुने यौन दुर्व्यवहार यौन, हिंसा, हत्याजस्ता केशहरू बढेको बढै छन् । यदि चुनाव भयो भने त्यो प्रश्न जनताले पहिले सोध्ने छन् । किसानहरूलाई झुक्याउने काम भएको छ । एकातिर उत्पादन दोब्बर बनाउने भनेको छ, अर्कोतर्फ समयमा मल, बिउ बिजन नपाइने, बिउ दिए भने नक्कली बिउ दिने । कथमकदाचित कति गरेर पनि किसानले उत्पादित वस्तुको मुल्य नपाउने, मूल्य सरकारले नतोक्ने, न्यायको लागि मूल्य माग गर्दा ज्यान गुमाउनुपर्ने अवस्था । यसको म घोर विरोध तथा भर्त्सना गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, भोलि देशका कर्णधारका बारेमा यो सरकारले केही सोचेको छ ? कति भयो पठनपाठन बन्द भएको ? सरकार कुम्भकर्ण झैं किन सुतेको छ ? शिक्षा क्षेत्रमा कति लगानी डुब्यो ? कतिले डिप्रेसनमा गएर ज्यान गुमाउनु पर्ने अवस्था छ । म प्रश्न गर्न चाहन्छु, देश र जनताको लागि काम नगर्ने सरकार त्यो कसको सरकार हो ? गुणस्तरीयताको कुरा परै छोडौं, के हो, के हो ? जसले जे गरे पनि हुने अवस्था छ । सुशासनको अवस्था कहाँ छ ? अर्कोतर्फ अहिले देश कोभिड-१९ ले गर्दा आक्रान्त छ । दिनदिनै कोरोना सङ्क्रमितहरू बढिरहेका छन् । र सरकार यसको नियन्त्रण गर्न असफलजस्तो देखिन लागेको अवस्था छ । अब यो कुरा सामान्य देखिन लागेको छ । परिस्थिति झन्झन् विकराल हुँदैछ । हामीले यसअघि पनि सरकारलाई व्यवस्थापनमा निकै ध्यान दिन र सांसद कोष कोभिड-१९ को रोकथाममा लगाऊँ भनेर सुझाव दिएकै थियौं । तर हटाउने त कुरै छाडौं, तर बजेट बाँड्ने शैलीमा घुमाउरो पारामा ल्याइयो । ती सबै अलपत्र छन् । अब त झनै के हुने हो, अन्यौल भयो । सरकारले कोभिड नियन्त्रण र उपचारका लागि व्यवस्था गरेका अस्पतालको पनि भद्रगोल अवस्था छ । राम्रा क्षमतावान डक्टरहरू राजनीतिको शिकार भइरहेका छन् ।

सम्माननीय अध्यक्ष महोदय, अन्त्यमा म के भन्न चाहन्छु भने हामीले केन्द्रबिन्दु जनतालाई बनाउनु पर्ने हो । तर अहिलेको संविधानअनुसार सरकार हिँडेको देखिँदैन । संविधानमा व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकाको स्पष्ट अवधारणा छ । त्यसैले यहाँ कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाभन्दा माथि हुन सक्दैन । यिनीहरूको भूमिका आफ्नै हुन्छ । कार्यापालिका व्यवस्थापिकाबाट जन्मेको हो । तर यहाँ उल्टै भइरहेको छ । यो छिटोभन्दा छिटो सल्टियोस् । मुलुक सही दिशातर्फ जानुपर्छ भन्ने माग गर्दै मेरो भनाइ यहीँ टुङ्ग्याउँछु । धन्यवाद । जय नेपाल ।

**पीठासीनः**- माननीय उपाध्यक्ष श्री शशिकला दाहाल ।

**सम्माननीय अध्यक्षः**- माननीय देवेन्द्र दाहाल । समय १२ मिनेट । यसपछि माननीय दिल कुमारी रावल थापा "पार्वती"।

**माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्षज्यू, आज हामी यो हिउँदे सेशनमा आफ्ना भनाइहरू राखिरहेका छौं । यो सेशनको सुरुवातमा हाम्रो दलको नेताले भन्नुभएको थियो । बडो दुखित भएर म यहाँ उपस्थित भएको छु भनेर । म पनि आज बडो दुखित अवस्थामा यहाँ उपस्थित भएको छु । एक किसमको हिनताबोध पनि भएको छ । किनभने यतिबेला नेपालको कम्युनिष्ट आन्दोलन ओरालो लागेको छ । हिजोका हाम्रा प्रतिपक्ष अर्थात अहिलेकै पनि प्रतिपक्ष साथीहरू रमिते बनिराख्नु भएको छ । एक किसिम अझै उहाँहरू त मनोरञ्जन गरिराख्नु भएको छ जस्तो लाग्छ । किनभने प्रतिपक्षलाई पनि उछिनेर सत्तापक्षकै साथीहरू यो सरकारको विरुद्धमा उतरिनु भएको छ । गालीगलौज त छँदैछ, कसैले खातका कुरा गरेका छन्, कसैले सोफाका कुरा गरेका छन् । मलाई कठैबरि भन्न मात्रै मन लाग्छ, गाली गलौचको यो कस्तो संस्कृति भनेर । यतिबेला सङ्कटमा निकै रमाइला दृष्यहरू देखा परेका छन् । त्यसैको प्रतिविम्ब पनि यो सदनमा देखिएको छ । को सत्तापक्ष हो, को प्रतिपक्ष हो छुट्याउन नसकिने अवस्था सिर्जना भएको छ । त्यसैले हामी यतिबेला म त यहाँ भनिरहेको छु, यो भनेको एक किसिमले संसदीय इतिहासमा नयाँ अभ्यास हामीले गरिरहेका छौं ।

सम्माननीय अध्यक्षज्यू, मैले यो सदनमा आज १/२ वटा कुरा मात्रै उठाउँछु । केही नबुझेका कुराहरू । हाम्रो देशमा प्रतिनिधि सभा विघटन भएर नयाँ निर्वाचनको घोषणा भएको छ । त्यसले हाम्रो प्रतिपक्ष साथीहरूको लागि त एकदमै राम्रो हुनु पर्ने होइन र ? उहाँहरूलाई त अझ अनुकूल अवस्था होइन र ? हिजो जनताहरूबाट अत्यन्त सानो सङ्ख्यामा निर्वाचित भएको अवस्थामा अब जनताको बीचमा छिटोभन्दा छिटो जान पाइने भयो । कम्युनिष्टहरूले पूरा समय सरकार सञ्चालन गर्न सकेनन्, अब हामीलाई मत दिनुस् भनेर जनताका बीचमा जान पाउने सुनौलो अवसर होइन र ? प्रमुख प्रतिपक्षलगायत सबै प्रतिपक्ष साथीहरूले जनतामा जान किन खुट्टा कमाइराख्नु भएको छ ? मैले यो बुझ्न सकिरहेको छैन । किनभने यसमा प्रतिपक्ष साथीहरू त्यसमा खासगरी नेपाली काँग्रेसले जनताहरूलाई केही जवाफ दिनु पर्ने हुनसक्छ । किनभने तपाईंहरू पनि नचिनेको विष्ट त होइन होला भनेर जनताले सोध्छन् । तपाईंहरूले पनि आफ्नो छँदाखाँदाको बहुमतको सरकारलाई विघटन गर्दै प्रतिनिधि सभा पनि विघटन गरेको होइन र ? यो प्रश्न सोध्ने छन् ।

साथीहरूले भ्रष्टाचारको कुराहरू धेरै गर्नुहुन्छ, हाम्रा प्रतिपक्षका साथीहरूले । र मैले यसो इतिहास हेर्दा अकुत भ्रष्टाचार गरी अख्तियारको फण्डामा परी मुद्दा लागि जेल बस्नेमा काँग्रेसका नेताबाहेक अरु म देख्दिनँ, नेतृत्व तहमा रहेका । अर्को कुरा, सत्ता पक्षको एउटा हिस्सा प्रतिनिधि सभा विघटन गरी नयाँ निर्वाचन गर्ने प्रधानमन्त्रीको कदम प्रतिगामी भयो भनेर सडकमा विरोधका कार्यक्रमहरू गरिरहनुभएको छ । एक प्रकार पार्टीका अनधिकृत बैठक बसेर कसैलाई निकाल्ने वा राख्ने जस्ता नाटकीय गतिविधिहरू गरिराख्नु भएको छ । उहाँहरूलाई पनि हिजो केपी ओलीको नेतृत्वमा देशव्यापी चुनावी अभियान सञ्चालन भयो । अपार जनसमर्थन प्राप्त भयो । अब आफ्नो नेतृत्वमा त्यस्तो जनलहर ल्याउने  अवसर होइन र यो चुनाव ? उहाँहरू पनि चुनावदेखि किन खुट्टा कमाइराख्नुभएको छ ? र त्यही पुरानो जोडघटाउका लागि त्यसैबाट प्रधानमन्त्री बन्ने अभ्यासमा लागिरहनुभएको छ । ठीकै हो मलाई लाग्छ, जनतामा जान डराएरै नै होला । २ वर्ष भए पनि सजिलै बाटो सत्ता सञ्चालन गर्न सकिन्छ कि भनेर उहाँहरू लागिरहेको जस्तो देख्छु ।

दोस्रो कुरा, उहाँहरूलाई पनि जनताहरूले यी प्रश्नहरू अवश्य नै सोध्ने छन् । छँदाखाँदैको झण्डै दुई तिहाइको आफ्नै सरकारलाई अविश्वासको प्रस्ताव राखेर सरकार ढाल्ने तपाईंहरू नै होइन र ? अनि अघिल्लो केपी ओलीको नेतृत्वको बामपन्थी सरकार,

योभन्दा अघिल्लो, बामपन्थी सरकार ढालेर काँग्रेससँग गठबन्धन गर्ने तपाईंहरू नै होइन र ? यो प्रश्न त जनताले अवश्य नै गर्लान् । त्यसकारण यो दुईटा शक्तिहरू चुनावबाट डराइरहेको जस्तो लाग्छ मलाई । यसो हेर्छु, यतिबेला कतिपय बुद्धिजीविहरू, कानून विदहरू, नागरिक समाजको अगुवा हुँ भन्ने साथीहरू प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गरी ताजा जनादेश दिने कुरा गर्दा प्रतिगमन भयो भनेर कोकोहोलो मच्चाइरहेको अवस्था छ । यो कुरा सडकदेखि सदनसम्म, अदालतसम्म पनि देख्न सकिन्छ ।

यो गरिमामय सदनमा पनि १/२ जना माननीयज्यूहरूले पनि जनआन्दोलन, मधेश आन्दोलन र जनयुद्धको एकीकृत उपलब्धिका रूपमा रहेको लोकतान्त्रिक गणतन्त्र धरापमा परेको, देश गम्भीर राजनीतिक दुर्घटनाबाट गुज्रिरहेको र देश अनिश्चयको भुमरीबाट गुज्रिरहेको भनेर निकै भावनामा बगेर आफ्ना अभिव्यक्तिहरू दिइरहनु भएको छ । अझै अगाडि बढेर देश रेस्क्यु हुन्छ कि हुन्न भनेर जनतालाई त्रसित बनाउन खोज्नु भएको छ । प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गर्न पाउने कि नपाउने, यो व्याख्याको विषय अदालतको विषय हो । यो सम्मानित सभामा अदालतले व्याख्या गर्ने विषय म यहाँ प्रवेश गर्न त्यति वाञ्छनीय ठान्दिनँ । तर म यो ढुक्क छु र भन्न सक्छु, र म एउटा कुरामा हाम्रा आदरणीय पार्टीका उपाध्यक्ष वामदेव गौतमको लाइनसँग सहमत छु । त्यो के हो भने यो संवैधानिक अदालतमा गइसकेपछि, इजलासमा गइसकेपछि यो आफैं संवैधानिक भयो भन्ने उहाँको कुरासँग म सहमत छु । र अर्को कुरामा म के ढुक्क छु भने, ढुक्कसँग भन्न सक्छु भने यो प्रतिगमन चाहिँ होइन । अध्यक्ष महोदय, के यो कदम राजा ज्ञानेन्द्रले २०५९ सालमा राज्यशक्ति आफैंमा केन्द्रित गरेर सबै राजनीतिक गतिविधिलाई प्रतिबन्ध गरेको अवस्था हो र ? ३/४ महिनापछि चुनाव गर्ने भनेको छ । सबैले यो निर्वाचनमा भाग लिउन पाउने अवस्था छ, नागरिक अधिकारहरू कतै पनि खोसिएका छैनन् । यसो सडकमा लागेका केही घिनलाग्दा नाराहरू पनि यसो हेरौं न । राष्ट्रपतिका विरुद्धमा उठाइएका नाराहरू यो सदनमा ध्यानाकर्षण भइसकेको छ । यो स्तर कहाँ पुगेको छ अहिले ? बरु यो अराजकता सिर्जना भएको छ । प्रतिगमन होइन । यो अराजकतालाई कसरी नियन्त्रण गर्ने ? यो एउटा गम्भीर विषय भएको छ ।

कोभिड महामारीका बीचमा पनि सडकमा गतिविधिहरू निर्वाद रूपमा भइरहेका छन् । अनि यो कसरी प्रतिगमन भयो ? यो त अझ अग्रगमन भएन र ? त्यसैले विपक्षी दलका साथीहरूलाई देश सामान्य ढङ्गले अगाडि बढिरहेको छु कुनै अनिश्चयको भुमरीमा

छैन । चुनावपछि देशले अग्रगमनको बाटो समात्छ । देशलाई कुनै रेस्क्यु गर्नु पर्ने जरुरी छैन । नेपाली काँग्रेसजस्तो प्रजातन्त्रमा विश्वास राख्ने पार्टीले त्यसप्रकारका भ्रामक कुरापट्टि नलागि चुनावमा लाग्दा राम्रो होला । म हार्दिक अनुरोध गर्न चाहन्छु ।

अध्यक्ष महोदय, अहिले सरकारको विरोध गर्दै सडकमा हिँडिरहेका सबैलाई भन्न चाहन्छु, साथसाथै पब्लिक खपतका लागि सडकमा रमिता नदेखाउन र आ-आफ्ना विकास अनि समृद्धिका एजेण्डा लिएर जनताका बीचमा जान र जनताको विश्वास जित्नका लागि साथै यो सुनौलो अवसर नगुमाउनका लागि सुझाव दिन चाहन्छु । केपी ओली नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको सरकारले केही गरेन । हिजो पनि यो सदनमा कुरा उठ्यो, केही पनि गरेन भनेर । केपी ओलीको सरकारले गरेका कामहरूको बीचमा जनताका बीचमा हामी जानलाई केही समस्या छैन । तपाईंहरू जनताका बीचमा कसरी जानुहुन्छ ? कतिपयले प्रश्न गर्छन् । हामीलाई जनताका बीचमा जान केही समस्या छैन । झण्डै दुई तिहाइको नेकपाको सरकार आफ्नै पार्टीका केही नेताहरूको अनवरतको असहयोगको कारण पूरा समय काम गर्न नसकेको अवस्था हो । यो जनतामा हामी खुला ढङ्गले लिएर जादैछौं । तर जति पनि समय काम गर्न पाइयो, आम जनताका समस्या समाधान गर्न गरेका कामहरूका फेहरिस्त, संघीयता कार्यान्वयनका लागि थुप्रै कानून निर्माणजस्ता कुराहरू, जनताका मुर्छित सपनाहरूलाई बिउँझाउँदै ती सपनाहरू पूरा गर्न सरकारले अगाडि सारेका पूर्व-पश्चिम रेलमार्ग पानी जहाज, हुलाकी मार्ग, पूर्व-पश्चिम लोकमार्ग विस्तार, मदन भण्डारी चुरे मार्ग, मध्यपहाडी लोकमार्ग, पोखरा अनि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलहरू बनाउनेजस्ता कयौं विषयहरू लिएर जनताको बीचमा जाने कुरा हामी स्पष्टै छौं । गरिब जनता आवास कार्यक्रम अन्तर्गत बनेका ती लाखौं घरहरूमा यतिबेला गरिब जनताहरू बसेका छन् । तिनीहरूले यो हामीले बसेको घर अरु कसैले होइन, यो त सिकर्मी, डकर्मीले पो बनाएको हो त, कहाँ केपी ओली सरकारले बनाएको हो, भन्लान् र ? म प्रश्न गर्न चाहन्छु । कोभिड-१९ अब नियन्त्रणतर्फ जाँदैछ । औषधि ऐन, २०३५ लाई संशोधन गर्न बनेको अध्यादेश यही सदनमा आएको छ । छिटो बाटो फाष्ट ट्र्याकबाट खोपलगायतका औषधिहरू ल्याउन सकिने बाटो खुलेको छ । सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश यही सदनमा आएको छ । जसले सामाजिक सुरक्षा भत्ता वितरणमा भएका केही कानूनी समस्याको समाधान गरेको छ । यसमा अलि वृद्धहरूको सेन्टिमेन्ट तान्न सकिन्छ कि भनेर केही मित्रहरूले कुरा उठाउनु भएको छ । खोइ ५ हजार ? हामी

भन्न चाहन्छौं, ३ हजार त पुऱ्याइएको छ, अब २ वर्ष सरकार सञ्चालन गर्न पाउँदा कबुल गरेको रकम ५ हजार पुर्‍याउन सक्ने अवस्था थियो । तर त्यो हुन सकेन । तर हामी त्यो कबुल पूरा गर्छौं । भोलि सरकार निर्माण गरेर पूरा गर्छौं । यौन हिंसाविरुद्धका केही ऐन, फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्न बनेको अध्यादेश तथा तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमन गर्न बनेको अध्यादेश यसै सदनमा प्रस्तुत भएको छ । जसले एसिड आक्रमण कार्यहरू तथा यौन हिंसा गर्नेलाई कडा दण्ड सजायको व्यवस्था गरेको छ ।

यसकारण सम्मानननीय अध्यक्ष महोदय, म भन्न चाहन्छु, यी सबै फेरि पनि भन्न चाहन्छु, म पब्लिक खपतका लागि कयौं नाराहरू लगाए पनि चुनावभन्दा अरु विकल्प छैन । त्यसकारण निर्वाचनमा हामी जाउँ र निर्वाचनले जे फैसला गर्छ, त्यो फैसलालाई आत्मसाथ गरौं । यो कुनै प्रतिगमन पनि भएको छैन र देश सामान्य ढङ्गले अगाडि बढिरहेको छ र धेरै कुराहरू छन्, जुन कुराहरू यहाँ अहिले बताउन सकिँदैन, छोटो समयमा । त्यसले गर्दा देशको समृद्धिको लागि सुखी नेपाली, समृद्ध नेपालको लागि सरकारले गरेका कामहरूलाई अगाडि लिएर जानुपर्छ र कम्युनिष्ट पार्टीले कमरेड केपी ओलीको नेतृत्वमा रहेको नेपाल कम्युनिष्ट पार्टीले भोलि फेरि पनि अत्याधिक बहुमत ल्याएर सरकार निर्माण गर्न सक्छ । त्यसकारण हामीले यी सबै कुराहरूलाई मध्यनजर राख्दै जुन निर्वाचनको माहोल तयार पार्ने कुरा हो, सबै राजनीतिक दलले नेपाली काँग्रेसलगायतका सबै दलहरूलाई यसमा होम्मिनका लागि र अनावश्यक सडक आन्दोलन गरेर कोभिडको महामारीको बीचमा विभिन्न आन्दोलनमार्फत फेरी पनि रोग वृद्धि गर्नका लागि भूमिका निर्वाह नगर्नुस् । यही आग्रह गर्दै म आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । हस् त । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय दिल कुमारी रावल थापा "पार्वती" । समय १० मिनेट । यसपछि माननीय रमेशजंग रायमाझी ।

**<u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, मुलुकको विधायकी अङ्ग राष्ट्रिय सभाको बैठकमा म सम्पूर्ण माननीय सदस्यज्यूहरूलाई हार्दिक स्वागत गर्न चाहन्छु । सर्वप्रथम विभिन्न समयको

राजनीतिक संघर्ष, आन्दोलन, न्यायपूर्ण सामाजिक परिवर्तनको आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ती महान सहिदहरूप्रति उच्च सम्मान गर्न चाहन्छु, स्मरण गर्न चाहन्छु । यस महत्त्वपूर्ण घडीमा सदनको यो बैठकमा आफ्नो विचार प्रस्तुत गर्न उभिरहँदा नेपालका बामपन्थी आन्दोलनका एक अथक योद्धा जनताको बहुदलीय जनवादका एक अभियानता आदरणीय नेता कमरेड वामदेव गौतम यस गरिमामय सभाको सदस्यको रूपमा हामीबीच उहाँको उपस्थिति अत्यन्तै सकारात्मक रहेको छ । म उहाँलाई हार्दिक बधाईसहित सफल र उपलब्धपूर्ण कार्यकालको थुप्रै-थुप्रै शुभकामना व्यक्त गर्न चाहन्छु । विगतको वर्षे अधिवेशन पश्चात मुलुकमा राजनीतिक परिघटनाहरू भएका छन् । सकरात्मक र नकरात्मक पक्षबाट बहस र छलफल सुरुवात भएका छन् । सरकारले हाम्रा आधारभुत प्रजातान्त्रिक मुल्य, मान्यताअनुरूप खुला समाज, खुला अर्थ व्यवस्था, राजनीतिक स्वतन्त्रता कानूनी शासन, मानव अधिकार, नागरिक स्वतन्त्रता संवैधानिक सर्वोच्चतालाई शिरोपर गरी अगाडि बढिरहेको अवस्था छ । शक्तिपृथकीकरणको सिद्धान्तबमोजिम मुलक विकास अग्रगति लिइरहेको अवस्थामा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अभियानलाई लिएर सरकार अघि बढिरहेको अवस्थामा पार्टीभित्रैबाट संसदीय दलबाट विभिन्न संसदीय समितिबाट सरकारलाई असहयोग गर्ने बाटो छेक्ने, बाटो रोक्ने काम भएको हामी सबैलाई थाहा छैन र । बहुमत प्राप्त दलको नेता सरकारका प्रमुखलाई कुनै हालतमा अगाडि बढ्न नदिने पार्टी अध्यक्ष र प्रधानमन्त्रीलाई पार्टी अभियोग पत्र दर्ता गराउने काम गरियो । यो ज्यादै दुखद् र खेदयोग्य छ ।

सम्माननीय प्रधानमन्त्रीले देशको शिर ठाडो पारिएको बेला भूपरिवेष्ठित मुलुकले वर्षौं झेल्नु परेको नाकाबन्दीलाई भूजडित बनाउने, नेतृत्व गुमेको नेपाली भूमिलाई फिर्ता ल्याउने निर्णय गरी अगाडि बढिरहेको बेला जनताका मुर्छित सपनालाई जीवित बनाउन विकास र समृद्धको भिजन र दृष्टिकोण दिइरहेको बेला अविकास, पछौटेपनाबाट मुलुकलाई जलमार्ग, हवाइमार्ग, रेलमार्ग सुरुङ्गमार्गमा अगाडि बढाइरहेको बेला रुघा लाग्दा, ज्वरो आउँदा उपचारका निम्ति दिल्ली, बैङ्कक अमेरिका पुग्ने नेपाली नेताहरूको प्रवृत्तिलाई चुनौती दिँदै आफ्नै देशको स्वास्थ्य जनशक्ति, उपचार पद्दतिमा विश्वास गरेर जटिलभन्दा जटिल रोगको उपचार नेपालमै सम्भव छ भन्ने महत्त्वपूर्ण सन्देश दिने वर्तमान प्रधानमन्त्री केपी ओलीका विरुद्ध जुन खालका षडयन्त्रहरू भएको छ, यो कहाँबाट, कसबाट, कोद्वारा सञ्चालित छ ? सडकमा नेताहरूका भनाइ व्यवहारबाट स्पष्ट छ, छ्याङ्डै छ, मैले बताइरहनु पर्दैन ।

सम्माननीय अध्यक्ष महोदय, हाम्रो संविधानले शक्ति सन्तुलन, शक्तिपृथकीकरणको स्पष्ट व्यवस्था गरेको छ । निर्वाचित बहुतमत नेतृत्व गर्ने सरकारले जनताबाट निर्वाचित सरकारको जनतामा जाने कुरा प्रजातन्त्र, लोकतन्त्रको आदेश, आदर्श हो, मान्यता हो, आधारभूत सिद्धान्तभित्र पर्छ । लोकतन्त्र, गणतन्त्रमा शक्तिशाली जनता हुन्, जनमत हुन् भन्ने कुरा हेक्का राख्न जरुरी छ । जहाँसम्म प्रतिनिधि समा विघटनको सन्दर्भ छ, यो सर्वोच्च अदालतको संवैधानिक इजलासको विषय बनेको छ । अदालतको फैसला कुर्नु पर्ला नि, मान्नु पर्ला नि अनि किन सडकमा रुवाबासी ? हुन त सम्माननीय अध्यक्ष महोदय, विभिन्न बाहानामा जनमतको अस्वीकार गर्ने, जनमतबिना नै संसद प्रवेश गर्न पाउने, जनमत विपक्षमा हुँदा अनेकौं जालझेल, षडयन्त्रबाट विजय घोषणा गर्ने, गराउने जनताको अभिमत, जनताको जनमत मत पत्र च्यात्ने, चपाउने विगत इतिहास पनि छ । याद होस्, हेक्का होस् अब गलत इतिहास दोहरिने छैन, दोहऱ्याउन दिइने छैन । जनताको घरमा जाने कुरा, जनताको बीचमा जाने कुरा, प्रजातन्त्रको मूल्य, मान्यता र आदेश हो । सडकमा भन्दा जनताको बीचमा जानु हितकर होला । संसद पुनर्स्थापनाको लागि रुवाबासी गर्नुभन्दा जनताको बीचमा गएर जनताले उठाएका प्रश्न सोधेका जिज्ञासा चासो र सरोकारको जवाफ दिएर भोट माग्नु नै उचित होला अनि जनताबाट निर्वाचित भएर प्रधानमन्त्री बन्ने इच्छा पूरा गर्दा ठीक होला नि । आँट गर्नुस्, हिम्मत गर्नुस्, चुनाव जित्नुस्, प्रधानमन्त्री बनेर देखाउनुस्, आदरणीय नेताहरूलाई मेरो अनुरोध छ । कुण्ठा, आग्रह, पूर्वाग्रह, लोभ, लालचा, संस्कृति विचलनबाट माथि उठ्ने प्रयत्न गर्नुहोस्, प्रयास गर्नुहोस् । नत्र रामराम मात्र भन्न सकिन्छ नेता कमरेडहरू ।

संघीयता भर्खरै बामे सर्दैछ, अगाडि बढ्दैछ, बढिरहेको अवस्थामा कोभिड-१९ संसार नै आक्रान्त पारिरहेको बेला औषधि उपचार र खोपको तीव्र प्रतिरक्षा गरिरहेको अवस्थामा सरकारविरुद्धमा जुन खालको षड्यन्त्र रचियो, षडयन्त्र गरियो, त्यसको विकल्पमा प्रधानमन्त्रीज्यूले जनताको बीचमा जानुको विकल्प थिएन । उहाँको यो कदमलाई म स्वागत गर्छु । जनताको बीचमा गएर आफ्नो कुरा राख्ने कुराको म समर्थन गर्छु । एउटा सभ्य, आदर्श समाजभित्र रहेर पार्टीभित्र अन्तरपार्टी बीचमा, नागरिक समाजबीचमा छलफल, बहस, वादबिवाद, प्रतिवाद गर्ने एउटा सामान्य प्रचलन हो, संस्कृति, मूल्य, मान्यता हो । तर आज हाम्रा सामु ३/३ जना पूर्वप्रधानमन्त्री भइसक्नु भएका पटक-पटक उपप्रधानमन्त्री भइसक्नु भएका, मन्त्री भइसक्नु भएका आदरणीय नेताहरू, नेतृत्वहरूले  नेतृत्व गर्नु भएको समूहले आयोजना गरेका सभा,

सडकमा लगाएका नारा र जुलुसले सुन्दा आज स्वाभिमानी नेपालीहरू, देशभक्ति नेपालीहरूको शिर निहुरिएको छ, दुखित बनाएको छ, सम्माननीय अध्यक्ष महोदय ।

एउटा सार्वभौम सम्मानित संस्था राष्ट्रपतिजस्तो गरिमाय पद जो जननेत मदन भण्डारीको जीवनसङ्गिनी जो आफ्नै कम्युनिष्ट आन्दोलन र महिलामुक्ति आन्दोलनको नेतृत्व गर्नुभयो । राज्यका सबै निकायमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिताको नेतृत्व गरी अन्तरिम व्यवस्थापिका संसदबाट सङ्कलप पास गर्ने नेतृत्व लिनुभयो । तिनै नेतृत्व राजनीतिक, समाजिक समानता र महिला मुक्ति आन्दोलनको अथक योद्धाविरुद्धमा यस्तो अपमान ? यत्रो ढावा ? उहाँको अस्मिता, उहाँको सतित्वमाथि प्रहार ? योभन्दा घृणित कार्य के हुन सक्छ सम्माननीय अध्यक्ष महोदय ? आदरणीय नेतागणहरू तपाईंहरूको छोरी छैन, तपाईंहरूको बुहारी छैन ? तपाईंहरूको श्रीमती हुनहुन्न ? उहाँहरूको व्यक्तिगत, समाजिक जीवन छैन ? उहाँहरूको आफ्नो अधिकार र अस्तित्व छैन ? यो तपाईंहरूको साँस्कृतिक विचलनको पराकाष्ट हो भन्ने मलाई लाग्छ, अध्यक्ष महोदय । मुलुकमा नयाँ युवा पुस्तालाई सिङ्गो देश र समाजलाई कता दोऱ्याउँदै हुनुहुन्छ ? कस्तो संस्कार, कस्तो संस्कृति सिकाउँदै हुनुहुन्छ ? खै त नैतिकता ? खै त इमान ? राजनीतिक एजेण्डा सकिएकै हो त ? छैन अब हामीसँग राजनीतिक बहस र एजेण्डा ? अब हामी व्यक्तिगत आरोप, मान्छेको नैतिकता र इमानताको माथि प्रश्न ? यही हो हाम्रो संस्कार र संस्कृति ? आदरणीय नेता कमरेडहरू म प्रश्न गर्न चाहन्छु । आफूहरूसँगै राजनीतिक सहयोद्धा, मुलुकको सर्वोच्च निकायमा रहेको सम्मानित राष्ट्रपतिप्रति जुन अपमान भएको छ, यो क्षमायोग्य छैन । यो सरकारसँग म माग गर्न चाहन्छु, दोषीलाई कडाभन्दा कडाको माग गर्न चाहन्छु । आज हामीले समाजिक सञ्जालमा देखिरहेका छौं, यो देशको सर्वोच्च निकायमा रहनु भएका सम्मानित राष्ट्रपतिका तस्विरहरू दुरुपयोग गरिएका छन् । सम्माननीय प्रधानमन्त्रीका तस्विरहरू दुरुपयोग गरिएका छन् । म नेपाल सरकारसँग अध्यक्षज्यूमार्फत जोडदार माग गर्न चाहन्छु । यस्ता अपराधपूर्ण कार्यमा संलग्न जो कोहीलाई कारबाहीको दायरामा लिएर कडाभन्दा कडा कारबाही गरेर वर्तमानमा देखिएको अराजकता, उच्छृङ्खलता अपराधको पराकाष्टलाई नियन्त्रण गर्नका लागि म सरकारसँग माग गर्न चाहन्छु । तपाईहरूसँग पचासौं वर्ष राजनीति जीवनको उपलब्धि आज सांस्कृतिक विचलनमा टुङ्गिदै छ । राजनीतिक एजेण्डा, वाद/बिवाद प्रतिवाद गर्न तयार नभएर आज व्यक्तिगत चरित्र हत्यामा उभिनुभएको छ । म आग्रह गर्न चाहन्छु नेतालाई आउनुहोस्, छलफल गरौं, बहस गरौं, अहिले प्रतिनिधि सभा

विघटनको विषय भोलि सर्वोच्च अदालतले, संवैधानिक इजलासले एउटा निर्णय गर्छ । अदालतको निर्णयलाई मान्नु पर्ला, स्वीकार्नु पर्ला नि । अहिले अवस्थामा जनताको बीचमा जाने कुरा आफ्ना एजेण्डा लिएर गएर भोट माग्ने कुरा नै श्रेष्ठकर होला । म सबै प्रतिपक्ष मित्रहरूलाई पनि आग्रह गर्न चाहन्छु । अहिले हामी देखिरहेका छौं । म चितवनबाट यहाँ उपस्थित भएर चितवनमा धेरै चोटि चाहिँ विभिन्न कारणले भएका छन् । चितवनको एउटा ऐतिहासिक महत्त्व छ, राजनीतिक महत्त्व छ । विगतका निर्वाचनहरू पनि हामीले हेरेका छौं । अब प्रतिपक्ष साथीहरूले पनि आफूले वर्षौं धेरै पटक आफ्नो चिह्नमा भोट हाल्न नपाएका जनता पनि चितवनमा छन् । आफ्नो चिह्नमा भोट हाल्ने वातावरणको लागि पनि तपाईंहरू चुनावमा जानुहुनेछ भन्ने मलाई विश्वास छ । म सबै पार्टीलाई भन्न चाहन्छु, आ-आफ्नो एजेण्डा लिएर जनताको बीचमा जाऔं, आँट गरौं, साहस गरौं, हिम्मत गरौं । जनताले सोधेका १/१ प्रश्नको जवाफ देऔं । जवाफ दिन हामी तयार भएर जनताको विश्वास गरेर चुनाव जितेर फेरि आएर प्रतिनिधि सभामा बहस र छलफल गर्ने त्यो हिम्मत र आँट लिएर फेरि म त्यहाँ जानका निम्ति आग्रह र अनुरोध गर्दै जुन खालका सडकमा लागेका नाराहरू छन्, जुन खालका विचारहरू एउटा व्यक्तिमाथि, एउटा संस्थामाथि प्रहार भएका छन्, यो संस्कृति विचलनको पराकाष्ठ हो । योभन्दा पर हामी जान सक्दैनौं । यो निकृष्ट कार्य हो । यसको म जति निन्दा गरे पनि जति भर्त्सना गरे पनि यो कमी हुन्छ । त्यसैले फेरि पनि म अन्त्यमा सरकारसँग जोड्दार माग गर्न चाहन्छु । यो कार्यको लागि संलग्न सबै निकायसँग सरकारले कारबाहीको दायरामा ल्याउनको लागि तत्काल पहल गरोस् । सिङ्गो नेपाली महिला, सिङ्गो देशभक्ति नेपाली जनतालाई यसको प्रत्याभूति हुने हिसाबले अगाडि बढ्नका लागि आग्रह गर्दै बिदा हुन्छु । धन्यवाद । नमस्कार ।

**सम्माननीय अध्यक्षः-** माननीय रमेशजंग रायमाझी । समय १० मिनेट । यसपछि माननीय जगप्रसाद शर्मा ।

**माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, यो सरकारले धेरै वटा अध्यादेशहरू ल्यायो । तर शिक्षामा २०२८ सालदेखि राजा महेन्द्रको पालामा ल्याइएको शिक्षा ऐन अहिलेसम्म परिवर्तन गर्न सकेन । शिक्षा मन्त्रीले लामो समयसम्म शिक्षा मन्त्रालयमा जागिर खानुभयो र उहाँले धेरै मान्छेलाई जागिर पनि

खुवाउनु भयो । आज यो ऐनको लागि कुनै पहल गरिएको देखिएन । निजी क्षेत्रहरूको विद्यालयहरूबाट सरकारले राष्ट्रिय शिक्षा आयोग भनेर २५ जनाको सदस्य विज्ञहरूको एउटा टोली बनायो र त्यसको प्रतिवेदन सार्वजनिक गर्न पाएन । त्यो आयोगको प्रतिवेदन सार्वजनिक गर्न खोज्दाखोज्दै प्रधानमन्त्रीहरू चाहिँ शिक्षा क्षेत्रमा भएका माफियाहरूको चङ्गुलमा परेर त्यो आयोगले तयार गरेको प्रतिवेदन सार्वजनिक गरिएन र बहुमत आयोगका सदस्यले सार्वजनिक पत्रकार सम्मेलन गरेर सार्वजनिक गर्नुपर्ने दिन आएको छ, सम्माननीय अध्यक्ष महोदय । त्यसकारण हामीले र अहले मैले यो कुरा किन उठाइरहेको छु भने ५ लाख विद्यार्थीहरू प्लसटुमा पढ्ने ११ मा पढ्ने विद्यार्थीहरू कुन पाठ्यक्रम पढ्ने, कुन पाठ्यक्रमलाई अगाडि बढाउने भनेर अन्यौलमा छन् अहिले । एक थरी वितरकहरू र प्रकाशकहरू भनिरहेका छन् हामीले प्रकाशन गरिसक्यौं, यो पढ्नुपर्छ, सरकारले लागू गर्नुपर्छ । सरकार अर्को नयाँ लागू गराउने कुरा गर्छ । यो विषयमा अहिले सर्वोच्च अदालतमा पुगेको छ । र विद्यार्थीहरू ३ महिनादेखि अन्यौलमा छन्, सम्माननीय अध्यक्ष महोदय । त्यसकारण सरकारको ध्यान यतातिर जाओस् । विद्यार्थीहरूको भविष्यमाथि खेलवाड गर्ने कुरामा नजाओस् भन्न चाहन्छु, सम्माननीय अध्यक्ष महोदय र सरकार स्वतन्त्र शैक्षिक माफियाको चङ्गोलमा नपरोस्, बालबालिकाको शिक्षाप्रति सम्वेदनशील होस् भन्न चाहन्छु । संघीयताअनुसारको कानून ल्याएर शिक्षालाई अगाडि बढाओस् भनेर सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, कोभिडको कारणले उद्योगधन्दाहरू बन्द भए । सरकारले उद्योगहरू बन्द गर भन्यो । उद्योगपतिहरूलाई अहिले तपाईंको उद्योग सञ्चालन गर्न मिल्दैन । संसारभरि एउटा ठूलो महामारी फैलिएको छ । त्यसकारण हाम्रो देशमा पनि प्रवेश गरेको छ । यसलाई रोक्नुपर्छ । तपाईंहरूको उद्योग रोक्नुस् भन्यो । सरकारको आह्वानलाई उद्योगपतिले व्यवसायिक व्यक्तिहरूले माने र बैङ्कले, सरकारले के भन्यो भने तिमीहरूको बैङ्क ब्याज घट्छ । तिमीहरूको नवीकरण शुल्क लाग्दैन भनेर भन्यो, त्यतिखेर । तर अहिलेसम्म त्यो भनेको कुरा अहिलेसम्म बैङ्कले न ब्याज घटायो न नवीकरण शुल्क लिन छोडियो । बीमा कम्पनीहरूले पनि सरकारको उद्योगधन्दालाई जसरी बीमा कम्पनीहरू, उद्योगहरू चाहिँ बीमामा हुन्छन्, त्यो बीमाको प्रिमियम continue पनि गरियो । बीमा लाग्दैन भनिएको थियो । अनि विद्युत डिमाण्ड भनिन्छ । जुन शुल्क पनि सरकारले लिने छैन, त्यो समयको भनिएको थियो । अहिले

पनि विद्युत प्राधिकरणले त्यो पैसा असुल गरिरहेको छ । अनि व्यवसायीहरू कसरी उठ्छ ? व्यवसायीहरूलाई सरकारले बलियो बनाउन सकेन भने राज्यलाई उसले ट्याक्स दिने वातावरण बनेन भने यो मुलुक चल्छ कसरी ? मैले सुन्दैछु, आज १ नम्बर प्रदेशमा अब केही महिनापछाडि कर्मचारीलाई तलब खुवाउने पैसा छैन । व्यवसायीक मान्छेहरूले उद्योग ठेकदारहरूले गरेको बाटोको भुक्तानि दिने पैसा छैन भनेर सुनिरहेको छु । तर सरकार निर्वाचन गर्ने भनेर बीसौं अरब रुपैयाँ खर्च गर्ने बाटोमा असंवैधानिक कदम चालिरहेको छ । त्यसकारण सरकार जुन गतिमा जानु पर्ने, जुन हिसाबमा जानु पर्ने, जसरी हिजो बोलेको थियो, सरकार कोभिडको बेलामा ती कुराहरू अहिले कार्यान्वयनको पक्षमा गएको छैन ।

सम्मानीय अध्यक्ष महोदय, हामीले देख्यौं, नयाँ युगको सुरुवात भनेर बाटाबाटामा प्रधानमन्त्रीको फोटो पोलपोलमा टाङ्गेको हामी सबैले देखेका छौं । तर सङ्गठित, असङ्गगठित अनौपचारिक क्षेत्रमा मजदुरहरूलाई समाजिक सुरक्षाको दायरामा ल्याउने काम कहिलेबाट हुन्छ ? त्यतिखेर त भनिएको थियो, समाजिक सुरक्षाभित्र ल्याइन्छ भनेर, मजदुरहरूलाई । तर त्यो काम कहिलेबाट हुन्छ, सरकारले ? जे कुरा बोल्यो, त्यो बोल्दिने अनि फर्केर नहेर्ने । उद्घाटन गऱ्यो, बनोस् कि नबनोस्, उद्घाटन गर्ने, बन्ने कि नबन्ने । त्यसको बजेट छुट्याउनु पर्छ कि पर्दैन, थाहा छैन । उद्घाटन गऱ्यो टिभिमा फोटो देखायो, फोटो खिच्यो, ताली बजायो । यसरी राज्य, जुन कुरा गर्छु भन्छ, सुरुवात गरेपछि अन्त्यसम्म जिम्मेवार लिनु पऱ्यो । सुरुवात गर्नु ठूलो कुरा होइन । अन्त गर्न ठूलो कुरा हो । त्यसकारण सरकारले जुन गतिविधि गरेको छ, त्यतातिर सरकारको ध्यान जाओस् भनेर म विशेष गरेर आग्रह गर्न चाहन्छु । नेपालमा झण्डैझण्डै ९६ प्रतिशत मजदुरहरू अनौपचारिक क्षेत्रमा काम गर्छन् । त्यसकारण सरकारको ध्यान जाओस् । मजदुरहरू भनेको गरिबहरू हुन् । मजदुरी गर्ने मान्छेहरू आफ्नो परिवार पाल्नलाई, आफ्नो रोजगारी खोजी गरिरहेका छन् । यहाँ रोजगारी नपाएर वैदेशिक रोजगारीमा गएका छन्, नेपालीहरू । तिनको कारणले रेमिट्यान्स आएर हामीहरू बाँचिरहेका छौं । हामीहरूले सदन चलाइरहेका छौं, सरकार चलिरहेको छ । तीप्रति ध्यान दिनु पर्छ कि पर्दैन सरकारकाले ? त्यतातिर सरकारको ध्यान गएको देख्दिनँ ।

हिजो मात्रै एक जना माननीयज्यूले यही सदनमा भन्नुभएको छ, सम्माननीय प्रधानमन्त्री केपी ओलीको इतिहासले सम्झिने छ भनेर । सम्झिन्छ, राम्रो मान्छे काम गर्नेलाई पनि सम्झिन्छ इतिहासले, नराम्रो काम गर्नेलाई पनि सम्झिन्छ । तानाशाही भएर

अगाडि बढ्यो भने त्यसलाई झन् सम्झिन्छ । हिट्लरलाई आज संसारले सम्झिन्छ, किन सम्झिन्छ भनेको उसको शैलीले । उसले कसैका कुरा नसुनेर, संसदको कुरा सुन्दै नसुनेर, नागरिकको कुरा सुन्दै नसुनेर, व्युरोक्रेसीको कुरा सुन्दै नसुनेर, छिमेकी राष्ट्रहरूको कुरा सुन्दै नसुनेर आफ्ना मित्रहरूको कुरा सुन्दै नसुनेर, मित्र राष्ट्रहरूको कुरा नसुनेर त्यस्तालाई झन् बढी सम्झिन्छ । हाम्रो प्रधानमन्त्रीलाई अपमानित गर्न चाहिँ खोजेका छैनौं । हाम्रो राष्ट्रपतिलाई अपमानित गर्न खोजेको होइन । तर उहाँहरू हिजो त्यही गाउँबाट, त्यही ग्राउण्डबाट राजनीतिक गर्दै आएको मान्छे हिजोको उहाँको लोकतान्त्रिक चरित्र आज सत्तामा पुगिसकेपछि उहाँले किन त्यो चरित्रलाई परिवर्तन गर्नुभयो भनेर हामीले प्रश्न उठाएको । उहाँ अहिले पनि लोकतान्त्रिक बाटोमा आउनुस् भनेर भनेको हो । असंवैधानिक बाटोमा नहिँड्नुस् भनेर भनेको हो हामीले, सम्माननीय प्रधानमन्त्रीलाई । अलोकतान्त्रिक बाटोमा नहिँड्नुस् । अधिनायकवाद बाटोमा प्रवेश नगर्नुहोस् भनेका हामीले । हाम्रो प्रधानमन्त्रीको आलोचना गरेर हामीले आफूलाई बहादुर ठान्न खोजेको होइन । तर प्रधानमन्त्रीले गरेका कामहरू, प्रधानमन्त्रीले गरेका क्रियाकलापहरूका बारेमा प्रश्न उठाउन पाउने कि नपाउने ? हामी जनताका प्रतिनिधिले गर्न पाउने कि नपाउने ? हामी त्यही कुरा प्रधानमन्त्रीलाई सच्चिन आग्रह गर्न खोजेका हौं । जुन असंवैधानिक कदम चाल्नु भयो प्रधानमन्त्रीज्यूले त्यसलाई सच्याउनुस् ।

हिजो हामीले राजा ज्ञानेन्द्रलाई सच्याउन लागेको होइन सडकबाट ? हामीले लाखौं जनता सडकमा निस्केर हामीलाई, राजनीति पार्टीलाई साथ दिएको होइन ? अहिले पनि प्रधानमन्त्रीले सच्चिनु भयो भने संवैधानिक अदालत केही पर्खिराख्नु पर्दैन । प्रतिनिधि सभा पुनर्बहाली गरिएको छ भनेर प्रधानमन्त्रीले भन्नुभयो भने हामीले, यही सदनले वाह ! हाम्रो प्रजातन्त्रको हिमायती भनेर भन्न हामी तयार छौं त । तर गलत काम गर्दै जाने, संविधानमा नभएका कुराहरूलाई संविधानको धारा उल्लेख गर्दै धाराको कुप्रचार गर्दै जाने अनि त्यो प्रधानमन्त्रीलाई हामीले श्रद्धा र सम्मान गर्नुपर्ने हुन्छ कि हुँदैन, सम्माननीय अध्यक्ष महोदय ? यति मात्रै हो कुरा, हाम्रो । त्यसकारणले हामीले आज यहाँ उठाएको कुरा के को लागि भन्दा सम्माननीय प्रधानमन्त्रीको इज्जत जोगाउन, यो मुलुकको संघीय संसदको इज्जत जोगाउन । संसारले आज कुरिकुरि भनिरहेको अवस्था छ, सम्माननीय अध्यक्ष महोदय । त्यसैले हामीले प्रधानमन्त्रीलाई बारम्बार सच्याउन खोजिरहेका छौं । उहाँले कार्पेट ओछ्याउने, ७० करोड भ्रष्टाचारको केसमा जोडिएको मन्त्री गोकुल बाँस्कोटालाई कार्पेट ओडाएर बालुवाटारबाट बिहान बेलुका भित्र मिटिङ्ग गर्न लगाउने ?

अनि हामीले उहाँलाई सम्मान गरिराख्नु पर्ने ? निर्मला पन्तजस्तो बालिकाको हत्या भएपछि बलात्कारीहरूलाई जोगाउन सरकार राख्ने अनि हामीले उहाँलाई सम्मान गर्नु पर्ने, सम्माननीय अध्यक्ष महोदय ? भ्रष्टाचारका कुराहरू दलदल रहे । अहिले भर्खरै उठ्यो, नेपाली काँग्रेसका मान्छेहरूले भ्रष्टाचार गरेर मुद्दामा सजाय पाएका । पाएको सजाय तिनी नेताहरूले भोगे । तिनी राजनीतिबाट विस्थापित भए । जेल सजाय भोगे । राजनीतिमा आज ती मान्छेहरू छैनन् । तर खुलाआम टुडिखेलमा नेपाल कम्युनिष्ट पार्टी एमालेका प्रवक्ता प्रदिप नेपालले यो मुलुकको १ नम्बर भ्रष्टाचारी हाम्रै पार्टीमा छन् भनेर खुलेआम नाम घोषणा गरेको एक पल्ट त्यो इतिहास पल्टाएर हेर्न म माननीयज्यूहरूलाई अनुरोध गर्न चाहन्छु । र नेपाली काँग्रेस सत्तामा पुगेको बेला ज-जस्ले अपराध गरे, अपराधको सजाय भोगे होला । तर नेपाल कम्युनिष्टका नेताहरूले पनि भ्रष्टाचार गरेका नेताहरू जोगिनु हुँदैन, बचाइनु हुँदैन । अख्तियारमा आफ्ना मान्छे लगेर आफ्ना मुद्दा दायर गर्नुबाट बञ्चित गराइनु र रोक्ने काम नगरियोस् भनेको हो ।

हामिले बालुवाटारको जग्गामा प्रधानमन्त्रीले जोगाउने, माधव नेपाललाई जोगाउने, विजय गच्छेदारलाई मुद्दा लगाउने अनि काँग्रेसका मान्छेले मात्रै भ्रष्टाचार गरे भन्ने ? फाइल बोकेर जाने मान्छे कारबाहीमा पर्ने, कारबाहीको दायरामा ल्याउने, जसले निर्णय गरेर अन्तिम निर्णय हुन्छ, तपाईंहरूलाई स्मरण गराउन चाहन्छु । यही नेपाल कम्युनिष्ट पार्टीको सरकारको नेतृत्व गरिरहेको केपी शर्मा ओलीले क्याबिनेटमा मध्यावधि चुनावको कुरा गर्दैगर्दा प्रस्ताव राख्ने त्यही मन्त्रीहरूले आलोचना गर्दा भइगयो, यतिसम्म तपाईंहरूको कुरा सुनें, यो अन्तिम निर्णय हो भनेर अन्तिम निर्णय कसको हुँदो रहेछ त ? मन्त्रीको हुँदोरहेछ कि प्रधानमन्त्रीको हुँदोरहेछ ? त्यही स्मरण गराउन चाहन्छु । बिजय गच्छेदारको अन्तिम निर्णय कि तत्कालीन प्रधानमन्त्री माधव नेपालको अन्तिम निर्णय हुन्छ ? यसपल्ट स्मरण गरियोस्, सम्माननीय अध्यक्ष महोदय । त्यसकारण पनि भ्रष्टाचारी जोगाउन हामी चाहँदैनौं । तर नेपाल कम्युनिष्ट पार्टी नेताहरूले गरेको भ्रष्टाचार जोगाउनलाई प्रयास गरिरहेको छ । यहीं सदनमा देख्यौं हामीले भ्रष्टाचारका बारम्बार कुरा उठाउँदाखेरि छानबिन किन गरिएन ? सरकार थियो त । सरकारले किन गरेन ? हामीले वाइड बडीको कुरा उठायौं, गोकर्ण रिसोर्टको कुरा उठायौं, फोर जीको कुरा उठायौं । धेरै वटा भ्रष्टाचार, अनि प्रधानमन्त्री भ्रष्टाचार भएको छैन भन्ने ? ७० करोड कुरा आइरहेको छ, मुद्दा चलिरहेको छ । अदालतमा मुद्दा छ । त्यसको विषयमा

प्रधानमन्त्रीले स्पष्टीकरण दिने हो ? त्यसकारण प्रधानमन्त्रीको कदम असंवैधानिक त्यो पनि हो, अर्को ।

रेल ल्याउँछु भन्नु भएको थियो । रेल आयो हामी चढिराखेका छौं । त्यसकारण केपी ओलीलाई किन नसम्झिने ? पानी जहाज आयो, पानी जहाज हामी चढिराखेका छौं, टिकट काटेका छौं, पुस १६ गते कहिले टिकट काट्नुस् भन्नुहुन्थ्यो २ वटा पुस १६ गते गइसक्यो, किन नसम्झिने ? यत्रो ऐतिहासिक काम गरेको प्रधानमन्त्री केपी शर्मा ओलीलाई हामी सम्झिनु पर्दैन ? त्यसकारण सम्झेका हौं, प्रधानमन्त्रीलाई हामी । त्यसकारण आज म अन्तिममा भन्न चाहन्छु, सम्माननीय अध्यक्षज्यू, अहिले पनि प्रधानमन्त्री सच्चिनुस्, तपाईंलाई हाम्रो सेलुट छ । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**ः- माननीय जगप्रसाद शर्मा । समय ८ मिनेट । यसपछि माननीय शेखर कुमार सिंह ।

**माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- अध्यक्ष महोदय, यो गरिमामय राष्ट्रिय सभाको सातौं अधिवेशन सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । यो सातौं अधिवेशनमा नेपालको राजनीतिक परिवर्तनमा झण्डै ६ दशक बढी एउटा भूमिका खेल्ने माननीय वामदेव गौतम यो सभामा समाहित हुनुभएको छ । उहाँको कार्यकाल सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । अध्यक्ष महोदय, यतिबेला अन्तर्राष्ट्रिय रूपमा हेर्दा अमेरिकाको संसदमा ज्यान जाने गरी एउटा घटना घटेको छ । नेपालमा राजनीतिक हिसाबले ठूलो तरङ्ग पैदा हुने गरी प्रतिनिधि सभा जनताको सार्वभौम थलो निर्वाचित प्रतिनिधि सभा विघटन भएको छ । यसले देशव्यापी रूपमा एउटा नयाँ तरङ्ग पैदा गरेको छ । यो राष्ट्रिय सभाको सातौं अधिवेशन सुरुदेखि यसैमा केन्द्रित बहसहरू अगाडि बढिराखेका छन् । पूर्ववक्ता माननीयहरूले आ-आफ्ना दृष्टिकोणहरू यसमा राखिराख्नु भएको छ । मलाई मैले सुनिरहेको छु, मैले अनुभूति गरिरहेको छु । खासगरी तीन वटा तर्क झण्डै दुई तिहाइको प्रधानमन्त्रीलाई काम गर्न दिइएन, काम गर्न अप्ठ्यारो भयो काम गर्न दिइएन भन्ने एउटा तर्क, संविधानमा कहीं न कहीं कुनै न कुनै हिसाबले संविधानमा व्यवस्था छ भन्ने दोस्रो तर्क र तेस्रो एकदम सकरात्मक आकर्षक तर्क मध्यावधि चुनावको तर्क गरेर प्रतिनिधि सभा विघटन गरिएको छ । यही वरिपरि

धेरै तर्कहरू त गर्न सकिएला १० औं, ५० औं, १०० औं तर्कहरू १००० औं तर्कहरू अगाडि सार्न सकिएला । मुख्य कुरा योभित्रको तर्कभन्दा पनि तथ्य के हो ? यथार्थ के हो भन्ने कुरा बुँझ्दा मलाई कस्तो अनुभूति हुन्छ भने झण्डै दुई तिहाइको प्रधानमन्त्री तीन वर्षको गतिविधि हेर्दा तीन वर्षको कार्यकाल हेर्दाखेरि तीन वटा बजेटहरू ल्याउँदा कहीँ बाधा व्यवधानहरू खडा भएको देखिँदैन । तीन वर्षका तीन पटक नीति तथा कार्यक्रमहरू ल्याउँदा कतै बाधा व्यबधानहरू खडा भएको देखिन्न । राष्ट्रियताको सवालमा नक्सा सार्वाजनिक गर्दा हामी सबैलाई अनुभूति छ अध्यक्ष महोदय कि एउटा अभूतपूर्व राष्ट्रिय एकता भएको स्थिति पनि हामी सबैका अगाडिको यथार्थता हो । एउटा नजिर हो यो । यो अर्थमा कतै पनि त्यस्तो काम गर्न नदिएको भन्ने कुरा तथ्यले तर्क गर्न सकिएला, तथ्यले कतै पनि प्रमाणित गर्छजस्तो मलाई लाग्दैन । त्यो चाहे पार्टीभित्र जुन ठूलो एउटा शक्तिशाली पार्टीले पनि उहाँलाई काम गर्न नदिएको तथ्य त्यस्तो फेला पर्दैन, देखिँदैन । संसदभित्र आउँदा प्रतिनिधि सभा, राष्ट्रिय सभा अथवा समग्र संसदभित्र आउँदा सत्तापक्ष, प्रतिपक्ष मुख्यतः प्रतिपक्षले काम गर्न नदिएको स्थिति पनि देखिँदैन । त्यसकारण यो केवल तर्कमात्र हो तथ्य योभित्र कतै पनि फेला पर्दैन, मलाई पहिलो कुरा यस्तो लाग्छ ।

दोस्रो कुरा, संविधानले कहीँ न कहीँ कुनै न कुनै हिसाबले त्यो व्यवस्था गरेको छ र संविधानले दिएको अधिकार प्रयोग गरेर प्रतिनिधि सभा विघटन गरियो भन्ने तर्क अगाडि देखाइएको छ । २०४७ सालको संविधानमा निश्चय पनि त्यो व्यवस्था थियो । २०६२/०६३ को आन्दोलनपछि जनयुद्ध, जनआन्दोलनपछि संविधान सभाले संविधान सभापछि बनेको नयाँ संविधान जुन समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जो छ त्यो संविधानको धारा ७६ भित्र उपधाराका ५ वटा बुँदाहरूमा कहीँ पनि त्यस्तो देखिँदैन । जो पटक-पटक यहाँ व्याख्या हुने गरिसकेको छ । यो अर्थमा कही देखिँदैन । यस अर्थ यसलाई कहीँ न कहीँ नियत के हो त्यो भोलिका घटनाक्रमले प्रष्ट पार्ला र संविधान मिचेर संविधान भन्दै नभनेको हुँदै नभएको अधिकार प्रयोग गरेर यो प्रतिनिधि सभा विघटन गरिएको छ । योभित्र पनि यो कोणबाट हेर्दाखेरि पनि कतै तथ्य देखा पर्दैन त्यहाँ केवल तर्क त गर्न सकिन्छ त्यहाँ । तथ्यपट्टि हेर्दाखेरि जस्तो हामी त्यस्तो पाउँदैनौं । र यो तेस्रो कुरा चुनाव यो मध्यावधि चुनावको गुलियो आकर्षक कुरा जो अगाडि सारिएको छ । के वैशाख १७ गते र २७ गते साँच्चै चुनाव गर्ने नियतका साथ यो चुनाव घोषणा गरिएको हो या अरु कुनै नियत अथवा अरु कुनै खराबीलाई

ढाकछोप गर्नको निम्ति यसलाई अगाडि सारिएको हो ? राजनीतिक हिसाबले, संवैधानिक हिसाबले हरेक हिसाबले हेर्दाखेरि यो देशमा आउने अब तीन महिनापछि वैशाख १७ र २७ गते के चुनाव सम्भव छ ? चुनाव गर्ने नियतका साथ अगाडि सारिएको हो त्यो भन्ने कुरा हेर्दाखेरि जस्तो कतैबाट पनि त्यो विश्वास गर्ने आधार देखिँदैन । यसले समग्रमा त्यस्तो के कुरा भन्न सकिन्छ यो आधारमा भने कि हामीले के कुरा देख्छौं भने स्वभावैले हामीले यतिखेर हामीले के यहाँ देख्छौं भन्दाखेरि कि संवैधानिक हिसाबले राजनीतिक हिसाबले यो कदम प्रतिगामी कदम हो, असंवैधानिक कदम हो । यसले स्वभाविक हिसाबले निरङ्कुशतातिर डोऱ्याइराखेको छ । नियत intension जेसुकै होस् यसको परिणाम भनेको निरङ्कुशतातिर छ र स्वेच्छाचारीतातिर छ र त्यसकारण यो कदमलाई सच्याउनुपर्छ भन्ने कुरा म यहाँबाट अनुरोध गर्न चाहन्छु अध्यक्ष महोदय र त्यसको साथसाथै यहाँ विभिन्न कोणबाट बहस छलफलहरू जुन ढङ्गले हुने गरिराखेका छन् । खासगरी यो व्यवस्था खराब हो या व्यक्ति खराब हो । खासगरी यो संविधान खराब हो यो संविधान कार्यान्वयन गर्ने सरकार या शासक खराब हो । र अहिले यतिखेर हामी संघीयता नयाँ ढङ्गले संघीयतामा गएका छौं राज्यको पुनर्संरचना गरेर संघीयतामा गएका थियौं । प्रश्न उठिरहेको छ संघीयता खराब हो या यसलाई एकीकृत र केन्द्रीकृत सोच जसले कार्यान्वयन गर्छ एकीकृत र केन्दीकृत सोच खराब हो भन्ने कुरा जस्तो हेर्दा मलाई के लाग्छ भन्दाखेरि यो व्यवस्था खराब होइन । यो व्यवस्था खराब होइन यो र यो व्यक्ति खराब हो र नेतृत्व खराब हो । र यो संविधान खराब होइन यो संविधानलाई कार्यान्वयन गर्ने सरकार र शासक खराब हो यो अर्थमा कि यो संघीयता खराब होइन केन्द्रीकृत सोच खराब हो । यो केन्दीकृत सोचलाई हामीले करेक्सन गर्न सक्छौं कि सक्दैनौं ? यसलाई रूपान्तरण गर्न सक्छौं कि सक्दैनौं ? यो आजको महत्त्वपूर्ण प्रश्न हो भन्ने लाग्छ ।

त्यसको साथसाथै यहाँ प्रतिपक्षका माननीयहरूले उठाइराखु भएको छ कतै कम्युनिष्ट आन्दोलन अथवा कम्युनिष्ट पार्टी अथवा कम्युनिष्ट पार्टी नै खराब हो कि कम्युनिष्ट पार्टीभित्र अथवा अन्य कुनै राजनीतिक पार्टीहरूभित्र खराब व्यक्ति, खराब मानिस, खराब सोच जन्मिन सक्छ, पैदा हुन सक्छ यो स्वभाविक कुरा हो । इतिहासपट्टि फर्केर हेर्दा विश्वमा, राष्ट्रमा, देशमा, विदेशमा जतासुकै हेर्दा यो इतिहास हामी पाउँछौं स्वभाविक हिसाबले व्यक्तिहरू खराब जन्मिन सक्छन् । व्यक्तिका सोचहरू खराब हुन सक्छन् । मुख्य कुरा व्यक्ति र व्यवस्था, नीति र नेतृत्व भनेको फरक कुरा हो । यो

अर्थमा जस्तो नीति सही हो, व्यवस्था सही हो र नेतृत्व खराब हो । त्यसैले कहीँ न कहीँ कुनै न कुनै ढङ्गले खराब नेतृत्वका कारणले अहिले यो समस्याजस्तो पैदा भएको हामीले देख्छौँ र कतै हामीले यसलाई गहिराइमा गएर हेर्दा यसको विश्लेषण गर्दा हामी के पाउँछौँ भन्दाखेरि कतै यो परिवर्तन जे भएको छ लामो त्याग, तपस्या बलिदानपछि सङघर्षको रिजल्ट, परिणाम जे उपलब्धि हामीले प्राप्त गरेका छौँ र त्यो उपलब्धिलाई ठीक ढङ्गले संरक्षण गर्ने र ठीक ढङ्गले अगाडि बढाउने नेतृत्वमा कहीँ न कहीँ नेतृत्वको सोचमा नेतृत्वको कार्यशैलीमा समस्या भएका कारणले यो समस्याजस्तो पैदा भएको हो भन्ने कुरा म राख्न चाहन्छु र अन्त्यमा मैले के कुरा राख्न चाहन्छु भने यतिखेर संविधान मिचिएको छ राजनीतिक हिसाबले मतलब प्रतिगामी कदम चालिएको छ यसलाई सच्याइनुपर्छ यो सच्याउनका निम्ति खासगरी देश, जनता र भावी पुस्ताका निम्ति सच्चिने आत्म आलोचना गर्ने कुरा हामीले आँट गर्नुपर्छ साहस गर्नुपर्छ । हिजो अस्ति कैयौँ माननीयहरूले यहाँ भन्नु भएको छ, माननीय सदस्यहरूले भन्नु भएको छ । कि यतिखेर जसले एउटा अवसर पाएको छ धेरैपछिसम्म (माननीयज्यू समय सिध्दिन लागेको जानकारी गराउँछु) युगयुगसम्म रही राख्नका निम्ति त्यो एउटा अवसर अझै पनि बाँकी छ भन्ने कुरा मलाई लागिराखेको छ । त्यो भनेको त्यसबाट करेक्सन हुने हो, सच्चिने हो । यो प्रतिगमनलाई सच्याएर मात्रै त्यो एउटा अवस्था सिर्जना गर्न सकिन्छ र प्राप्त गर्न सकिन्छ भन्ने कुरा पनि म राख्न चाहन्छु र खासगरी हामीले यो देशमा खिचेको एउटा सपनाको खाका मार्गचित्र खुसी र समृद्धि जनताको खुसी र राष्ट्रको समृद्धिको मार्गचित्रलाई पूरा गर्नको निम्ति त्यो आँट नेतृत्वले गर्नुपर्छ र यो प्रतिगमनलाई सच्याउनु पर्छ र यो भूमिका हामीले यहाँबाट पनि खेल्नुपर्छ । यो सदन गरिमामय सदनले पनि यो भूमिका खेल्नुपर्छ भन्ने कुरा राख्दै मेरा भनाइ अन्त्य गर्छु । धन्यवाद । लालसलाम ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय शेखर कुमार सिंह । समय १० मिनेट । यसपछि माननीय विमला घिमिरे ।

<u>**माननीय श्री शेखर कुमार सिंह (जनता समाजवादी पार्टी, नेपाल)**</u>:- सम्माननीय अध्यक्षज्यू, आज सातौं अधिवेशनको तेस्रो दिन हामी यससभामा तेस्रो बैठकमा हामी उपस्थित हुँदा सम्माननीय अध्यक्षजी, सम्माननीय उपाध्यक्षजी सरकारका

मन्त्रीज्यूहरूलगायत हाम्रा माननीय साथीहरूलाई शुभकामना दिन चाहन्छु । सँगै वर्तमान सरकारबाट पुस ५ गते घोषणा गरेको असंवैधानिक, अलोकतान्त्रिक ढङ्गबाट प्रतिनिधि सभा भङ्ग गरिएकोमा जनता समाजवादी पार्टीको तर्फबाट हाम्रो घोर आपत्ति छ, हामी घोर विरोध गर्दछु । सँगै सम्माननीय महोदय, जुन कुरोको जुन घरको निब नै कमजोर हुन्छ त्यो घर त निश्चित नै कमजोर हुन्छ । जुन दिन यो घर बन्न लागेको थियो यथावत, यो संविधान बन्न लागेको थियो त्यो दिन हामी पनि मोर्चाका पार्टीका एउटा पार्टी हुँ । हामीसँग छलफल गर्दा बोलाउनु भएका तत्कालीन व्यक्तित्वहरूलाई तत्कालीन संविधान निर्माणकर्तालाई हामी आग्रहपूर्वक भनेका थियौं । तपाईंहरू त्यो संविधान बनाइराखुभएको छ । यो संविधानमा नेपाल र नेपाली र समग्र देशको दिपावली होस् यसलाई नबिर्सिनु होला । बनाउँदै गर्दा उहाँहरूले बनाउँदा जाँदै-जाँदै आफ्नो दाजुभाइलाई नै एकपार्टको दाजुभाइलाई नै बिर्सेर उहाँहरू अगाडि बढेर जानुभयो । केको हतार थियो होला ? मैले सम्झन सकिनँ । हतार सायद् एउटै कुरोको होला जुन मेरो पालोमा संविधान जारी होस् कि अर्को पालोमा नहोस् । तर उहाँहरू यो विचार पुऱ्याउनु भएन तत्कालीन अवस्थामा यहीं भूगोलका एउटा पूरै सिङ्गै पार्ट हामी छोडेर हिँडिराखेका छौं । त्यसैकारणले हामी त सुरुमा नै भन्या थियौं । संविधान जलाउन गएका थिएनौं हामी, संविधान च्यात्न पनि हामी गएका थिएनौं र हाम्रा आग्रहपूर्ण ढङ्गबाट सबै ठाउँमा भन्दै आएको थियो यो संविधानलाई सच्याउनुहोस् । हामीहरू पनि तपाईंहरूकै दाजुभाइ हुँ कतै छुट्टैबाट आएका छैनौं । तर केही सुधारान्मुख कुराहरू पनि सुरु नभएको पनि होइन । भएको पनि हो । हामी सहयोग पनि गऱ्या हौं । हामी सरकारमा पनि गयौं नगएको होइन । त्यही संविधानमा हाम्रो उपस्थिति सम्मानपूर्वक जनकबाट होला भनेर हामी सहभागि पनि भयौं । तर आन्तरिक खेल हो कि के हो ? त्यो पनि हुन पाएन । त्यसैकारणले म यो भन्दै गरेको छु, हाम्रो पार्टी पनि भन्दै गऱ्या छ । यो संविधानमा नै सुरुमा नै धोका भएको हो । आज होइन सुरुमा नै धोका भएको हो । त्यो दिनलाई पनि हामी सम्झेर अगाडि जानै पर्छ र अझ पनि केही बितेको छैन म पूनः यही सदनमार्फत, सम्माननीयज्यूमार्फत म आग्रहपूर्वक ढङ्गले म भन्न चाहन्छु । हामी दाजुभाइहरूले पनि तपाईंहरू आफ्नै साथमा समेटेर राखुहोस् हामी यसै भूगोलका छौं । अरु भूगोलका होइनौं । त्यो अब निश्चित नै केही न केही ध्यान जाँला सबै जनाको विश्वस्त छु र हुनु पनि पर्छ ।

सँगै अब हाम्रा विकासका कामहरू बहुप्रतिच्छित नेपालमा धेरै दिनदेखि सुन्दै आएको धेरै दिनदेखि उपयोग पनि गरेको बीचमा लामो समयसम्म बन्दको अवस्थामा गयो त्यो पुनः निर्माण भएर आए तापनि जनकपुर रेल्वे किन सञ्चालन हुन पाएको छैन ? यो हामी बुझ्न पाएका छैनौं । यो जनकपुर रेल्वे यथाशीघ्र सञ्चालन गर्नलाई सम्माननीयज्यूमार्फत म आग्रह गर्न चाहन्छु । सँगै बहुत आश्चर्यका कुरा छ । यस्तो महङ्गो राष्ट्रिय ध्वजावाहक विमानहरू किनेर हामी त्रिभुवन एयरपोर्टमा ग्राउण्डेड गरिराखेका छौं । एउटा जावो सानो निर्णयको खातिर युरोपको आकाश हामीलाई कालो सूचीमा पारिएको छ । यो के हो ? सुन्न त हामी धेरै दिनदेखि सुन्दै आएको छु यो किन खुलाएको छैन आजसम्म ? यसमा कसको निहीत स्वार्थ छ ? कुनै व्यक्तिको स्वार्थले राष्ट्र डुबाउन पाउँछ ? त्यस्तो हो भने यसको लागि पनि यथाचित व्यवस्था बेलामा गर्नुपर्‍यो । सुन्न त हामी धेरै दिनदेखि सुनिराखेको छु । यो सदनमा आएकै दिनदेखि सुनिराखेको छु । कालो सूचीमा परेको छ रे । कालो सूची भन्न बडा सजिलो हुन्छ हामीलाई । यो कालो सूची कहाँबाट आयो ? हामी के बिगारेर ल्यायौं कालो सूची ? यसको जवाफदेहीता को लिन्छ ? त्यसैले लिएर स्वीकारेर यसलाई जो जिम्मेवार छ त्यो व्यक्तिले आफैं अब नेतृत्व पनि परिवर्तन भएको छ । हामी आशा राखेका छौं सायद् यथाशीघ्र त्यो पनि कालोसूचीको धब्बा हामी नेपालीमाथि हट्ला कि । सँगै हाम्रै घरका ससरीकै विमानस्थलमा धेरै पुरानो विमानस्थल माननीय गणेशमानजी मन्त्री हुँदाखेरि उद्घाटन गरेका विमानस्थल बन्द खुला, बन्द खुलाको खेल हुँदा हुँदै बल्ल अहिले एयरपोर्टहरू पनि पीच भएर चल्या छ । अब चाहिँ जहाज धनीहरूको खेलको चपेटामा हामी परिराखेका छौं । राजविराजबाट विराटनगर एयर डिस्टेन्स पनि बढी मैले यो भनिराख्या छैन त्यहाँ किन यतिकै छ । त्यहाँको fare rate २५ सय रुपियाँ राजविराजको fare rate ६ हजार रुपियाँसम्म पुर्‍याइदिन्छ । कुनै दिन ३२ सय रुपियाँ, कुनै दिन ४२ सय रुपियाँ यो के हो ? यो पान पसलमा पनि यसरी भाउँ वृद्धि हुँदैन । जुन किसिमले ध्वजावाहक जाहजहरूको भाउ वृद्धि हुन्छ । यसको पनि दुई वटा सिस्टम हुनुपर्छ नि । राजविराज जाँदाखेरि जहाजमा त मलाई लाग्दैन विजनेस क्लस छ कुनै ठाउँमा । अनि यो भाउ वृद्धि केको लागि ? यसमा पनि सम्माननीयज्यूमार्फत पर्यटन मन्त्रीज्यूलाई ध्यान आकर्षण गराएर त्यत्रो सम्भावना रहित र अहिले पनि ठूलो एयरक्राफ्ट जाँदा पनि खाली आइराखेको छैन । हामीसँग मानिस भाडादरको कमी छैन । भाडा असुल्नेको कुन नियतले हो कि फेरि राजविराज विमानस्थल यिनीहरू बन्द गर्न लाग्या हो कि भन्ने चिसो चाहिँ हामीलाई पसेको छ । यी

सदनबाट जानुभएका हाम्रो पर्यटन मन्त्रीजीले मलाई आश्वस्त पार्नु भएको थियो । यो अब माननीयजी राजविराजबाट रात्रीको flight पनि चल्ला । चल्दा चल्दै अब एउटा flight मात्र झरेको छ । अब त्यो flight पनि चलिरहन्छ कि बन्द हुन्छ । यो फोहोरी खेलमात्र लाग्छ । यो को हेर्दिने हामी ? अब यस्ता यावतका कुरोहरू आफ्नो अवस्थामा छँदैछ । हामी भन्ने यहीँ थलो हो । यो थलोदेखि बाहिर हामीले गएर भन्न सक्दैनौं । यो थलामा भन्दा भन्दै हामी जो भन्या छु यसको छिटोदेखि छिटो समाधान होस् र माघ आउनै लाग्या छ सम्माननीय अध्यक्षज्यू वर्षायाम आउन ढिलो हुँदैन । बेला-बेलामा हामी यही सदनबाट पनि सचेत गराउँदै आएको छु । किन भाग्यले सबै खोलानाला हाम्रै भाग्यमा दिएको छ क्यारे । अब के गर्ने नसिबमा त्यही लेखेको थियो त्यही डिलमा पुग्यौं जन्मनलाई अब त्यसमा अहिलेदेखि नै सरकारको ध्यान पुगोस् भनेर पनि म विनम्र आग्रह गर्न चाहन्छु । सँगै तपाईंहरूको समय दिनुभयो, यावतका समयहरू धेरै छन् । मैले अहिलेको समयमा अरु केही महत्त्वपूर्ण कुरोहरू रहन्छ भने पटक-पटक गरौंला नै । यति भन्दै (अब तपाईंको बत्ती पनि काम लाग्दैन, ठीकै छ, ठीकै छ) अब चाहिँ यस्तै गरिरह्यौं भने त यो विकासे योजनाहरू पनि वैशाख नलागिकन तल झर्दैन । स्थानीय सरकार कहाँ पुग्दैन । यो के नियत भइराखेको छ ? यो विकासे काम गर्ने कि नगर्ने ? नगर्ने हो भने वैशाखमा त्यो पनि बजेट नपठाइदिउँ । गराउने हो भने त in time  बजेट दिँउ । एउटा frame work गरौं न । यतिमा बजेट दिँउ यतिमा काम हुन्छ । वैशाखको अन्तिम साता अथवा जेठको पहिलो साता बजेट जान्छ । अनि भन्छ काम गर । काम कसरी गर्ने ? कागजमा गर, कागजमा गरेर अखितयारमा जाऊँ । जब हामी तीन तहको संरचना राखेको छु भने (माननीयज्यू समय सिध्दिन लागेको छ है) जहाँबाट होस् (हस् हजुर मलाई थाहा थियो बत्ती बल्न लागेको थियो) तापनि यो स्थानीय तहको बजेटको सुनिश्चितता भएर time मा जाओस् भन्दै आफ्नो दुई शब्द यहीं अन्त्य गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय विमला घिमिरे । समय ८ मिनेट । यसपछि माननीय कोमल वली ।

<u>**माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**</u>:- सम्माननीय अध्यक्षज्यू, यो गरिमामय सातौं अधिवेशनमा म सर्वप्रथम यो व्यवस्था ल्याउनका निम्ति आफ्नो ज्यानको आहुति दिने ती वीर अमर शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । जसले यो आन्दोलनका निम्ति आफ्नो परिवारभन्दा राष्ट्र र राष्ट्रियताका निम्ति सङ्घर्ष गर्दै गर्दा विभिन्न बेलामा घाइते अपाङ्गहरू भई जीवनयापन गरिरहनु भएको छ । त्यस्ता घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र यो व्यवस्था ल्याउनका निम्ति नेतृत्व गर्नुहुने हाम्रा अग्रजहरूप्रति म सम्मान व्यक्त गर्न चाहन्छु । आज यस गरिमामय सदनमा हाम्रो पार्टीका उपाध्यक्ष कमरेड वामदेव गौतम उपस्थित हुनुहुन्छ । म उहाँलाई हार्दिक स्वागत गर्दै उहाँको सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु । आज यस सदनमा उभिएर बोल्दै गर्दा हामी अत्यन्तै पीडा बोध गरिरहेका छौं । र एक पटक मलाई नेपाली महिला आन्दोलन र यसका उपलब्धिहरू स्मरण गर्न मन लागिरहेको छ । अत्यन्तै सङ्घर्ष र गौरवपूर्ण आन्दोलनका माध्यमबाट सतिप्रथादेखि शितल निवाससम्मको यात्रामा सँगै सहयात्रा गर्नुभएका महिला अधिकार समानता लोकतन्त्रका निम्ति सँगै आन्दोलनमा होमिनुभएका नेताहरूको आफ्नै मुखबाट र उहाँहरूकै निर्देशनबाट राष्ट्रपतिजस्तो गरिमामय पदमा रहनुहुने सम्माननीय राष्ट्रपतिज्यूमाथि नैतिकताको प्रश्न उठाउने जुन दुस्साहस गरियो त्यसलाई जुनसुकै शब्दले पनि घोर भर्त्सना गरे पनि कमी हुन्छ । सम्माननीय अध्यक्षज्यू, त्यस्ता आपराधिक नारा लगाउनेहरूलाई कारबाहीको दायरामा ल्याउन म नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । महिलाहरूलाई पटक-पटक अपमानित शब्दहरू एकपछि अर्को थप्दै जाँदा सम्पूर्ण महिलाहरूको शीर झुकेको छ । के यही हो लोकतन्त्र ? के यहीँ हो स्वतन्त्रता ? के यसैका निम्ति थुप्रै महिलाहरूले बलिदानी गरेका थिए ? के अझै कसैको पद, प्रतिष्ठा र परिवारका निम्ति अझै हामीले नै अपमान पाइरहनु पर्ने हो ? हामीले नै महिला आन्दोलनलाई अझै पनि यस्ता प्रवृत्तिका विरुद्ध अझै पनि लगाइरहनु पर्ने हो ? यी र यस्ता प्रश्नहरू नेपाली महिलाहरूको मनमा उठिरहेका छन् । राज्यका पुनर्संरचना त हामीले गर्‍यौं तर हाम्रो सामन्तवादी चिन्तनको पुनर्संरचना गर्न सकेका रहेनछौं यो आभाष भइरहेको छ ।

सम्माननीय अध्यक्षज्यू, संविधानका पाना पटक-पटक पल्टाएर पढ्ने आदरणीय महानुभावहरूलाई मैले भन्न चाहन्छु । राष्ट्रपतिविरुद्ध नारा लगाउनुभन्दा अगाडि सरकारले गरेका हरेक सिफारिसहरूको विषयमा संविधानमा राष्ट्रपतिको भूमिका के

लेखिएको छ त्यो पनि एक पटक पढ्न म आग्रह गर्न चाहन्छु । कानूनको सर्वोच्चताको ख्याल नै नगरी सर्वोच्च अदालतमा रहेको संसद विघटनको विषयमा सडकमा नारा लगाउनु के जाहेज हो ? त्यो समयले बताउनेछ । यसका पछाडिका कुराहरूलाई पनि यसका पृष्ठभूमिहरूलाई पनि हामीले बुझ्न र विश्लेषण गर्न जरुरी छ । सरकारले गरेका कामको उल्टो व्याख्या गर्दै रेल र पानी जहाज खै ? हस्पिटलहरू बनेको खै ? सुन तस्करहरूलाई कारबाही भएको खै ? हाइड्रोपावर र सिँचाइका योजनाहरू किन बनेनन् ? तुइन विस्थापित किन भएन ? सडकमा मानिसले दुःख पाए, भूमिहीनहरूले जग्गा पाएनन् जस्ता कुराहरू उल्टो प्रचार गरियो । र सरकारलाई पटक-पटक यस्ता प्रश्नहरू गरियो । यति मात्रै होइन यस्ता थुप्रै योजनाहरू सरकारले आफ्नो बजेटमार्फत ल्याएर काम अगाडि बढाइसकेको छ । यो पनि जानकारी लिनका निम्ति म सडकमा नारा लगाउने साथीहरूलाई आग्रह गर्न चाहन्छु । यो त सबैले देखेकै कुरा हो ।

त्यति मात्रै होइन नेपाली भूमि जो भारतले कब्जा गरिरहेको थियो । कालापानी, लिपुलेक र लिम्पियाधुरालाई समेट्ने गरी संविधान संशोधन र नक्सा प्रकाशन गर्ने त्यसको अगुवाइ कसले गऱ्यो त ? त्यही गरेबापत आफ्नै दलबाट पदमुक्त गराउने खेलमा को-को सामेल भए ? यो त जनताको नजरमा छिपेको छैन नि । म नेपाली काँग्रेसका नेता चन्द्र भण्डारीको अन्तरवार्ता स्मरण गर्न चाहन्छु । उहाँले त्यतिबेला अन्तरवार्ता दिँदै गर्दा मलाई त्यति विश्वास लागेको थिएन । उहाँले भनेका कुरा म स्मरण गर्न चाहन्छु । तर अहिले त्यसलाई हामीले सम्झिनमात्रै होइन बुझ्न पनि बाध्य भयौं । उहाँले यी र यस्तै काम गर्नेहरू लोकतन्त्र, गणतन्त्रका निम्ति काम गर्नेहरू, आफ्नो देशका निम्ति काम गर्नेहरूको नियती फेरि पनि यस्तै हुन्छ भनेर त्यो अन्तरवार्तामा भनिरहेको मलाई स्मरण गर्न मन लागेको छ । म उहाँलाई सम्मान पनि गर्न चाहन्छु । उहाँले त्यो बुझेर त्यतिबेला अन्तरवार्ता दिनुभएको रहेछ । जसले समावेशीता, लोकतन्त्र, गणतन्त्रका लागि आफ्नो जीवनका लागि सम्पूर्ण शक्ति लगायो ती अधिकारलाई संविधानमा लिपिबद्ध गऱ्यो । संविधान कार्यान्वयनमा प्रतिबद्धता व्यक्त गरिरहेको छ । उसैप्रति संविधान विरोधी, प्रतिगामिलगायतका आरोपहरू किमार्थ मान्य हुन सक्दैनन् । हिजो छमेकीको मुख हेरेर आफ्नो देशको बारेमा बोल्न नसक्ने नेताहरू अहिले राष्ट्रवादी हुने ? हिजो आवधिक निर्वाचनमा जाने कुरा जनताबाट अनुमोदित हुने कुरा कसरी प्रतिगमन हुन्छ । यसको जवाफ सार्वभौम जनताले दिनेछन् । यो सबै

मिलेर यसको व्यवस्था बचाउन र बलियो बनाउनका निम्ति लागौं म हार्दिक अनुरोध गर्न चाहन्छु ।

हिजो नेपाली महिला आन्दोलनको एउटा शिलशिलामा गरिमामय सदनमा ३३ प्रतिशत महिलाको उपस्थितको कुरा, आमाको नामबाट नागरिकता बन्ने कुरा उठाइरहँदा वर्तमान राष्ट्रपतिज्यूले त्यतिबेला त्यो आफ्नो कुरा उठाइरहँदा त्यो सदनमा हाँसोको पात्र बनाइएको थियो र कतिपय नजानेर होस् जानेर वा नजानेर कतिपय महिलाहरूले पनि सदन छोडेर हिँडेको दुखदायी इतिहास हामीसँग छ । तर पनि त्यसको निरन्तरता र २०६२/०६३ को जनआन्दोलनले ल्याउको एउटा जुन उपलब्धि हो त्यो उपलब्धिलाई संस्थागत गर्ने क्रममा हामी यहाँ छौं । त्यसैले म यस गरिमामय सदनमार्फत सम्पूर्ण महिलाहरूको शीर झुक्ने गरी सडकमा नारा लगाइरहँदा हामीले कुन मूल्य र मान्यता बोकेका छौं त्यसमा पनि अझै कम्युनिष्ट पार्टीका नेताहरूको अगुवाइमा हुने सभामा जुन खालका नाराहरू लगाइए त्यो अत्यन्तै त्यसले हामीलाई शर्मिन्दा बनाएको छ । र हाम्रो समाज कतापट्टि उन्मुख हुँदैछ भन्ने कुरा प्रश्न उठाएको छ । (समय एक मिनेट बाँकी) त्यसैले मैले सबैलाई एकातिर पार्टीभित्रैका प्रतिपक्ष जस्तो देखिने नेताहरू संसद पुनर्स्थापना हुन्छ र प्रधानमन्त्री बनौंला भनेर हेर्ने अर्कोतिर प्रतिपक्ष साथीहरू चुनाव हुन्छ र चुनावमा हामीले जितौंला भनेर सडकमा उहाँहरूले अलिकति नाटक गरेजस्तो गरी चुनाव प्रचार गरेको अवस्था हामीले देखिरहेका छौं । त्यसैले हामी जे जसरी भए पनि निर्वाचनमा भाग लिनका निम्ति म सबै जनालाई हार्दिक आग्रह गर्दै आफ्नो भनाइ अन्त्य गर्छु । हस् त धन्यवाद । नमस्कार ।

**पुनःपीठासीन**ः सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**सम्माननीय अध्यक्ष**ः- माननीय कोमल वली । समय ८ मिनेट । यसपछि माननीय भगवती न्यौपाने ।

**माननीय श्री कोमल वली (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्ष महोदय, मलाई पनि आज अलिकति अप्ठ्यारो लागिरहेको छ । दुवै सदन एकै पटक सञ्चालन हुन्थे, छलफल हुन्थ्यो अहिले प्रतिनिधि सभा छैन । प्रतिनिधि सभा निर्वाचनमा

विघटन भएर निर्वाचनमा होमिसकेको छ । र राष्ट्रिय सभामात्रै अधिवेशनमा आएका छौं । सम्माननीय अध्यक्ष महोदय, अहिले देश ठूलो दुर्भाग्यबाट गुज्रनु परेको छ । त्यो संसदको, जनताको र स्वयम् प्रधानमन्त्रीको रोजाइको विषय अवश्य पनि होइन । तर विकल्प के थियो त, सरकारले कति काम गऱ्यो यो एउटा विषय भयो । तर सरकारले के गरेन भन्ने विषयमा के बहस भयो त ? पार्टीको बैठकमा वा सार्वजनिक रूपमा जनताका मुद्दाहरूका बारेमा नेताहरूले के बोल्नुभयो त ? पार्टीमा बरियाताको बाहेक पार्टीमा कसले के जिम्मेवारी प्राप्त गर्नेबाहेक जनताका मुद्दाहरू जस्तैः कोरोना, अस्पताल, औषधि, खानेपानी, सडक, मेलम्ची, अपर तामाकोशी र रोजगारीलगायतका विषयहरूमा हाम्रो नेताहरूले के बहस गर्नुभयो संसदमा ? सम्माननीय अध्यक्ष महोदय, हाम्रो एक जना नेताले, माननीयज्यूले आज बोल्दै गर्दा भन्नु भयो । यो सरकारले गरिबका लागि काम गर्न दिएन रे ! दिउँसो उखु किसानलाई न्याय दिएन भनेर भाषण गर्ने र राती मिल मालिकलाई नपकड्नु भनेर मन्त्रीलाई फोन गर्ने, नेताज्यूसँग जवाफ छ ? हो नेताहरूले सरकारलाई बाटो देखाउने हो, कमी कमजोरीहरूका बारेमा आलोचना गर्ने हो तर सरकारको त्यो कुन कामको जिम्मेवारीको विषयमा यो तीन वर्षमा छलफल भयो ? सत्तापक्षका कुन नेताले जनताका पक्षमा फरक मत राख्नु भयो ? सडकमा कहिले बोल्नु भयो ? त्यसो भएको भए सरकारले करेक्सन गर्थ्यो कि, सरकारले सम्बोधन गर्थ्यो कि जनताले धन्यवाद दिन्थे अनि politics ले एउटा बाटो लिन्थ्यो ।

सम्माननीय अध्यक्ष महोदय, तर स्थायी कमिटिको बैठकमा को सोफामा बस्यो, कसका कुर्ची कतातिर फर्काएर राखिएको थियो भन्ने विषयले देशलाई बन्धक बनाएको । उहाँहरूले यो जिम्मा लिनुपर्छ कि पर्दैन ? सम्माननीय अध्यक्ष महोदय, अर्को आश्चर्य लाग्दो कुरा हाम्रा institution माथि यति धेरै शङ्का किन ? सरकारमाथि शङ्का, संसदमाथि शङ्का, अदालतमाथि शङ्का, निर्वाचन आयोगमाथि शङ्का यति धेरै शङ्का, यति धेरै शङ्का गर्ने अनि अहिलेको सरकार सर्वसत्तावादी भयो भन्ने ? अरु institution हरूले आफैं निर्णय गर्न सक्छन् भन्ने नमान्नु नै सर्वसत्तावाद होइन र ? अदालतमाथि जसले शङ्का गरिराख्नु भएको छ त्यो हो सर्वसत्तावाद । त्यसलाई अनावश्यक दवावमा राख्नु त्यो हो सर्वसत्तावाद । त्यसैले सम्माननीय अध्यक्ष महोदय संविधान भनेको आशय हो । बेलायतमा अलिखित संविधान छ । त्यहाँको परम्परा संस्कृति, प्रजातान्त्रिक संस्कारहरू कसरी अगाडि बढ्छन् भन्ने आधारमा त्यहाँको अदालतले व्याख्या गर्छ र नेताहरूले त्यसैअनुसार अनुशरण गर्छन र लागू गर्छन् । जब हाम्रो संविधान बनायौं सबै पार्टी

मिलेर बनाएको संविधान हो । भलै संविधान सभाको सदस्य म थिइनँ तर संविधानले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको व्यवस्था गऱ्यो यो बनाउनुको मतलब एकले अर्कालाई check and balance गर्छ भनेर नै हो । अहिले प्रधानमन्त्रीले गरेको संसद विघटन संविधान विपरीत हो, असंवैधानिक हो भन्ने कसैलाई लाग्छ भने त्यसको व्याख्या गर्ने अधिकार हामीले अदालतलाई दिएका छौँ । त्यसको व्याख्या अदालतले गर्छ । अदालतले जे गर्छ हामी सबैले स्वीकार्नुपर्छ र स्वीकार्छौं । हिजो केही नागरिक समूहका अगुवाहरूले पनि जनतामा जान सुझाव दिनुभएको रहेछ तर आन्दोलनका लागि । हो आन्दोलनका लागि होइन यसको अन्तिम निर्णय गर्ने सही र गलत छुट्याउने त जनताको ल्याबले हो । त्यसैले people को ल्याबमा जानु परीक्षणमा जाने कुरा कसरी असंवैधानिक भयो, कसरी तानाशाही भयो र कसरी अधिनायकवाद भयो ? सम्माननीय अध्यक्ष महोदय, ठूलो-ठूलो स्वरले कराएर चिच्याएर भन्दैमा कोही अधिनायकवादी हुँदैन । जो व्यक्ति जनतामा जान डराउँछ त्यो व्यक्तिको भित्री मनमा अधिनायकवाद र तानाशाही हुन सक्छ । जनतामा जानु तानाशाही हो, अधिनायकवाद हो भन्ने त दुनियाँका कुनै पनि राजनीतिक दर्शनमा लेखिएको छैन ।

सम्माननीय अध्यक्ष महोदय, फेरि अधिनायकवादीहरू जनतासँग जान्छन्, कि बन्दुकसँग जान्छन् ? अधिनायकवाद भएका देशमा व्यक्तिहरू जेलबाहिर हुन्छन् कि जेलभित्र हुन्छन् ? हामीले विचार गरेर बोल्नपर्छ । सम्माननीय अध्यक्ष महोदय, जो व्यक्तिले आफ्नो सम्पति, आफ्नो भौतिक शरीरपछि सम्पूर्ण राष्ट्रको नाममा लेखिदिएको छ । लेखिदिन सक्छ त्यो व्यक्ति कदापि भ्रष्ट हुन सक्दैन । जुन व्यक्तिले आफ्नो हामी पूराना भयौं अबको राजनीति युवा जेनेरेसनमा पुस्तान्तरण गर्नुपर्छ भन्छ त्यो व्यक्ति कदापि महत्त्वकाङ्क्षी पनि हुन सक्दैन । सम्माननीय अध्यक्ष महोदय, त्यतिमात्रै होइन जो व्यक्तिले म बहुमतको सरकारमा छु मैले काम गर्ने वातावरण र परिवेश बनेन, म चलाउन सक्दिनँ जनताले मलाई नासो सुम्पिएका थिएँ म त्यही जनतासमक्ष मेरो नासो लिएर जान्छु परीक्षणका लागि जान्छु भनेर जनताकै ल्याबबाट परीक्षण लिन चाहन्छ त्यो अधिनायकवादी कदापि हुन सक्दैन । त्यसैले यस्ता दृष्टान्त हुँदाहुँदै हामी के गर्दैछौं ? प्रश्न यो हो हामी कतातिर जाँदैछौं ? सम्माननीय अध्यक्ष महोदय, यस्ता दृष्टान्तका सामुन्य देशलाई व्यवस्थापन गर्ने कि हराएजस्तो गरेर हामी यहाँ छौं भनेर लेखेर बस्ने । अध्यक्ष महोदय, पहिलो संविधान सभाले संविधान बनाउन सकेन, दोस्रोले पनि बनाउन सक्छ भन्ने विश्वास थिएन जनतामा । केपी ओली संसदीय दलको नेता भएर आएपछि

जब उहाँले नेतृत्व लिनुभयो र संविधान जारि हुन सम्भव भयो । संविधान जारि गर्ने बेलामा मित्र राष्ट्रका विदेश सचिव आएर रोक्ने कोशिस गर्दा तत्कालीन प्रधानमन्त्रीले मलाई त भन्नु भयो ठीकै छ केपी ओलीलाई गएर मनाउनुस् । उहाँले मान्नुहुन्न भन्नुभएको हो । र त्यो बेलामा केपी ओलीको जवाफ थियो हाम्रो संविधान हामीले बनाउने हो, हामीले बनाएका हौं हाम्रो लागि निर्माण गरेको संविधान हो यो संविधान जारी हुन्छ भनेर मात्र यो देशमा संविधान जारी भएको हो । त्यस्तो संविधान निर्माण गर्ने व्यक्तिलाई राष्ट्रिय सभाबाट संविधान पढ्न पठाउनु कठै ! हुटिट्याउँले सगर आँटेको सायद यसैलाई भन्छन् होला ।

सम्माननीय अध्यक्ष महोदय, जनताले पत्याएको पार्टी हो । केही समयअगाडि केपी ओलीकै मन्त्रिपरिषद्मा रहेका मन्त्रीज्यूले एउटा दृष्टान्त दिनुभएको थियो । उहाँले भन्नुभएको थियो केपी ओली त्यो नेता हो जो गोलघरको (समय एक मिनेट बाँकी) (एक मिनेट समय चाहन्छु सम्माननीयज्यू) कालकोठरीमा ४/५ फिटको जमिनमा हत्कडी र नेल लगाएर जहाँ दिशा पिसाब गरिन्छ जहाँ त्यहीं खाना खानुपर्छ र त्यहीं सुत्नुपर्छ । त्यस्तो ठाउँमा ६/७ वर्षसम्म राजनीतिको लागि आफ्नो जीवन आहुति गर्ने मानिस, आफ्नो जीवन समर्पण गर्ने मानिस केपी शर्मा ओली हो । त्यसकारणले केपी शर्मा ओलीप्रति हामीले शङ्का गर्नु हुँदैन । र शङ्का गऱ्यौं भने त्यो अवश्य पनि हाम्रा लागि फलदायी हुँदैन भनेर त्यही मन्त्रीज्यूले त्यहाँ भन्नु भएको थियो । त्यसकारण सम्माननीय अध्यक्ष महोदय, अन्त्यमा के निवेदन गर्न चाहन्छु भने हाम्रो जनताले पत्याएको पार्टी हो नेकपा । जनताले हामीलाई फुट्नलाई होइन जुट्नलाई भोट दिएका हुन् । निर्वाचनको घोषणा संवैधानिक र असंवैधानिकभन्दा पनि न्यायालयले गर्ने निर्णय अन्तिम निर्णय हो । सबै दलहरू आ-आफ्ना एजेण्डा लिएर जनतासमक्ष जाँऊ । राजनीतिक रूपले ठूलो प्रतिस्पर्धाको वातावरण बनाऊँ र एकले अर्कालाई निषेध नगरौं मिलेर जाँऊ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय भगवती न्यौपाने । समय ८ मिनेट ।

**<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज नेपालको परिदृष्य नेपालको राजनीति तरङ्गित भइरहेको अवस्थामा विभिन्न ढङ्गले चर्चा परिचर्चा गरिएको छ, विभिन्न ढङ्गले बहस गरिएको छ । प्रतिनिधि सभाको विघटनको विषयमा वास्तवमा सर्वोच्च अदालतमा विचाराधीन भएको विषयका बारेमा हामीले बहस गर्न आवश्यकता छैन । सर्वोच्च अदालतलाई प्रभावित हुने गरी हामी प्रस्तुत हुन जरुरी छैन । संविधानको व्याख्या सर्वोच्च अदालतले गर्छ । सर्वोच्च अदालतले यसको बारेमा निरुपण गर्ने सन्दर्भमा एउटा फैसला गर्छ । त्यो फैसलालाई हामी सबैले आत्मसात गर्नेछौं । हामी सबैले फैसलाको सम्मान गर्नछौं । त्यसैले सर्वोच्च अदालतमा विचारधीन भएको विषयमा पक्ष र विपक्षमा त्यति धेरै बहस गर्न जरुरी छ भन्ने म ठान्दिनँ । जहाँसम्म प्रतिनिधि सभाको विघटनको सन्दर्भको कुरा छ र जहाँसम्म नेपाल कम्युनिष्ट पार्टी नेकपाभित्र भएको विवादको विषयको कुरा छ । वास्तवमा मैले आफ्नो पार्टीभित्रको विषय यहाँ चर्चा गर्न आवश्यकता त ठानेको थिएन । तर नेपालको राजनीतिमा मल्टिपार्टी सिष्टममा जब दलहरूभित्र प्रदुषित खेलहरू सुरु हुन्छ जब दलहरूभित्र सरकारलाई गिराउने हर्कतका विभिन्न खालका दुषित खेलहरू सुरु हुन्छ । त्यसले सिङ्गौ राष्ट्रिय राजनीतिलाई प्रभाव पार्छ । त्यसले सरकार सञ्चालन गर्ने कुरालाई प्रभाव पार्छ । त्यसले सिष्टमलाई प्रभाव पार्छ ।

त्यसकारणले गर्दाखेरि म केही कुरा भन्न विवश छु । हिजो विगतलाई फर्केर हेर्दा पनि ४८ सालदेखिको इतिहासलाई हेर्दाखेरि पनि काँग्रेसले बहुमत ल्याए । आफ्नै कारणले सरकार ढल्यो । त्यसपछाडि राष्ट्रिय राजनीति सरकार अस्थिर हुँदै गए । त्यसपछि जब नेपाली जनताले निर्वाचनमा गत निर्वाचनमा एउटा फैसला गरे । त्यो फैसला नेपाल कम्युनिष्ट पार्टीलाई त्यतिखेर हामी गठबन्धन गरेर चुनाव लडेका थियौं । नेपाल कम्युनिष्ट पार्टीलाई दुई तिहाइको बहुमत दिए । दुई तिहाइको बहुमत स्थिरताका निम्ति दिएका थिएँ । हाम्रो पार्टी एकीकरण भयो दुई वटा शक्तिशालि कम्युनिष्ट पार्टीहरू एकीकरण भए । सबैका सामु जगजाहेर छ । त्यो पार्टी एकीकरण भइसकेपछाडि पार्टी कसरी अगाडि बढ्यो भनेर यहाँ कुरा उठ्यो । मैले सबैलाई प्रष्ट पार्ने हुन्छ । सम्पूर्ण नेपाली जनतालाई यही सम्मानित सदनमार्फत प्रष्ट पार्न चाहन्छु । जब पार्टीभित्र सरकारले गरेका कामहरूलाई सरकारले गरेका राष्ट्रियताका सवालमा प्रधानमन्त्रीज्यूले खेल्नु भएको भूमिकालाई सरकारले देख्यौं पार्टीभित्र देखिएन । पार्टीका नेताहरूले देख्नु भएन । जब प्रधानमन्त्रीको कुर्सीमात्रै पार्टीको नेतृत्वलाई कसरी हत्याउने भन्ने खेलहरू

गन्ध खेलहरू पार्टीभित्र सुरु हुन थाले । पार्टीभित्र हामीलाई थाहा छ । त्यो दुई सयभन्दा बढी पटक प्रधानमन्त्रीलाई असफल बनाउनका निम्त प्रधानमन्त्रीलाई कुर्सीबाट च्युत गराउनका निम्ति छुट्टै खालका भेलाहरू सिर्जना गर्न थालिए । हाम्रो पार्टी के बहुमत र अल्पमतबाट निर्णयहरू लिने भनेर भन्ने त्यो व्यवस्था त्यो संविधानमा अहिले अन्तरिम विधायनमा त्यो व्यवस्था छ कि छैन भन्ने सन्दर्भमा प्रधानमन्त्री अल्पमतमा परिसकेपछि राजीनामा दिनुपर्छ भन्ने कुरा जुन उठाइएको छ । म त्यसबारेमा प्रष्ट पार्न चाहन्छु । पार्टी एकीकरण भइसकेपछि यो सङ्क्रमणकालीन अवस्थामा बहुमत र अल्पमत भनेर टुङ्ग्याउँदाखेरि पार्टी एकीकरणले स्थायित्व पाउँदैन । त्यसकारणले बहुमत र अल्पमत होइन । दुई अध्यक्षको सहमतिमा पार्टीका निर्णयहरू अगाडि बढ्छन् । पार्टीको बैठक बोलाउँदा दुई अध्यक्षको सहमतिमा हुन्छ । अन्तरिम विधायनले त्यो व्यवस्था गर्‍यो । अनि पार्टी एकीकरण भएका दिन, भएको बेला नेताहरूले सही गर्दा, दुई अध्यक्षले सही गर्दा अरु दुई जना नेता जो विष्णु पौडेल र जनार्दन शर्माले समेत हस्ताक्षर गरेको पेपरमा बुँदाहरूमा सहमतिमा दुई अध्यक्षको सहमतिमा भनेर प्रावधान राखियो । त्यो एकीकरणलाई मजबुत बनाउनका निम्ति यो प्रावधान राखिएको थियो । बहुमत र अल्पमतले यो सङ्क्रमणकालीन अवस्थामा नटुङ्ग्याउनका निम्ति राखिएको थियो । प्रधानमन्त्रीले बारम्बार भन्नु भएको थियो । म एउटा सिष्टमबाट निर्वाचित भएको पार्टी अध्यक्ष हुँ । म सिष्टमबाटै बिदा लिन्छु, महाधिवेशनबाट बिदा लिन्छु भन्नुभएको थियो । म एउटा सिष्टमबाट जनताले मत दिएर प्रधानमन्त्री भएको हो । म सिष्टमबाटै बिदा लिन्छु । म जनताको निर्वाचन पछाडि बिदा लिन्छु भनेर बारम्बार भन्नुभएको थियो । तर त्यसका बाबजुद पनि अनेकौं खालका षड्यन्त्रहरू, अनेकौं खालका हर्कतहरू पार्टीभित्र गरियो । पार्टीले गरेका सरकारले गरेका कामहरूलाई केपी शर्मा ओलीले प्रधानमन्त्रीले जस लिने हो भन्ने जस्तो ढङ्गले बुझियो ।

एउटा झापा आन्दोलन, बामपन्थी आन्दोलन, सामन्तवादविरुद्धको आन्दोलन व्यवस्था परिवर्तन गर्नको निम्ति व्यवस्था परिवर्तन गर्नका निम्ति भएको आन्दोलन झापा विद्रोहबाट उदायको चम्किलो रूपमा उदायको एउटा योद्धालाई राष्ट्रियताका सवालमा एउटा महत्त्वपूर्ण भूमिका संसारले देख्ने गरी महत्त्वपूर्ण भूमिका खेलेको योद्धालाई नाकाबन्दीलाई सामना गरेर सतिसाल जस्तै उठी उभिएको एउटा योद्धालाई जब नेपालबाट गुमेको भूमि समेटेर नक्सा प्रकाशित गरिसकेपछाडि अनि नेपालको संसदबाट

संसारले सुन्ने गरी राष्ट्रियताका सवालमा दिएको अभिव्यक्ति जो नेपाली जनताले गौरव गरे नेपाली जनताले गर्वले छाती फुल्याए । त्यस्तो योद्धालाई असफल बनाउनका निम्ति जुन ढङ्गले हर्कत गरियो । त्यो सबैका सामु जगजाहेर छ । त्यसपछाडि पछिल्ला दिनहरूमा आफ्नै सरकार ढाल्नका निम्ति जेजस्ता खेलहरू प्रदुषित खेलहरू खेलियो । त्यसपछाडि पछिल्ला दिनहरूमा आफ्नै सरकार ढाल्नका निम्ति जेजस्ता खेलहरू प्रदुषित खेलहरू खेलियो । त्यसपछि प्रधानमन्त्रीका अगाडि एउटा बाध्यता भयो । यो सिष्टमलाई जोगाउन, यो व्यवस्थालाई जोगाउन, यो संविधानलाई जोगाउन प्रधानमन्त्रीका अगाडि यो दुषित खेलहरू जसरी संविधान बनाइराख्दाखेरि वैदेशिक हस्तक्षेप भएको थियो । फेरि पनि सरकार गिराउनका निम्ति वैदेशिक चहलखेल हुने विदेशी शक्ति केन्दलाई गुहार गर्ने जुन खालको परिस्थित अगाडि देखियो । यस्तो खालको दर्दनाक परिस्थित यस्तो खालको एउटा सङ्कटपूर्ण अवस्था जुन अगाडि उपस्थित हुँदै थियो जुन खालको एउटा संसद खरिद बिक्री गरेर सरकारलाई ढलाउने त्यो खालको परिदृष्य अगाडि देखिँदै थियो र प्रधानमन्त्री सम्माननीय प्रधानमन्त्रीज्यूले नेपाली जनतालाई नेपाली जनताको ताजा जनादेश जाने एकमात्रै उत्तम विकल्प जुन सिष्टमलाई बचाउनका निम्त रोजिएको विकल्प थियो । त्यसैले म अनुरोध गर्न चाहन्छु । हामी निर्वाचनमा एकदम (समय एक मिनेट बाँकी) सदासय ढङ्गले निर्वाचनमा जाँउ । म फेरि पनि अनुरोध गर्न चाहन्छु । निर्वाचनमा आ-आफ्ना एजेण्डाहरू लैजाउँ र निर्वाचनमा भन्न पनि पाइन्छ । यो धरहरा कालीगढहरूले बनाएका हुन् इञ्जिनियरले बनाएको हो । केपी ओलीले होइन । आज बाटाहरू प्रधानमन्त्रीको नेतृत्वमा होइन । आज पीच भएका बाटाहरू डोजरले बनाएको हो । अन्तर्राष्ट्रिय विमानस्थलहरू प्राविधिकले बनाएका हुन् । मजदुरहरूले बनाएका हुन् । आज जति पनि विकास निर्माणका कामहरू भएका छन् । आज पुलहरू प्राविधिकहरूले बनाए, मजदुरहरूले बनाए भनेर भन्न पनि पाइन्छ । त्यसैले निर्वाचनमा जाँउ । यो सिष्टमलाई अझ सुदृढ बनाउनका निम्ति आफ्नो एजेण्डा निर्वाचन प्रणालीलाई अझ सुदृढ बनाउनका निम्ति एजेण्डा लिएर जान पाइन्छ । म यो अनुरोध गर्दै अन्तिममा राष्ट्रपतिमाथि जुन ढङ्गले व्यवहार गरियो त्यसप्रति खेद व्यक्त गर्दछु । घृणायोग्य छ । भर्त्सनायोग्य छ । यहीँ कुरा राख्दै म बिदा हुन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म दिगो विकास तथा सुशासन

समितिका माननीय सभापति तारा देवी भट्टलाई "दिगो विकास तथा सुशासन समितिको वार्षिक प्रतिवेदन, २०७६/०७७" सभासमक्ष पेश गर्न समय दिन्छु ।

<u>दिगो विकास तथा सुशासन समितिका माननीय सभापति तारा देवी भट्टः-</u> सम्माननीय अध्यक्षज्यू, नेपालको संविधानको धारा ८३ को प्रावधान एवम् धारा ९७ को उपधारा (१) को प्रतिनिधि सभा र राष्ट्रिय सभाले संघीय कानूनबमोजिम समितिहरू गठन गर्नसक्ने व्यवस्था रहेकोमा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ अनुसार सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायि र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन गठित ४ समितिमध्ये दिगो विकास तथा सुशासन समिति एक हो । नेपाल सरकारले अख्तियार गरेको दिगो एवम् सन्तुलित विकास र सुशासन प्रबर्द्धन यस समितिको कार्यक्षेत्रअन्तर्गत पर्दछ । सबै मन्त्रालय, विभाग सोअन्तर्गतका दिगो विकास र सुशासनसम्बन्धी नीति, कार्यक्रम, योजना, बजेट, स्रोत परिचालन एवम् व्यवस्थापनसम्बन्धी क्रियाकलापको जानकारी लिई यथोचित निर्णय गर्ने काम पनि समितिको कार्यादेश हो । विश्वव्यापी विकासको एजेण्डाको रूपमा रहेको दिगो विकास र सार्थक विकासको पूर्वशर्तको रूपमा रहेको सुशासनको कार्यान्वयनको अवस्था सम्बन्धमा नियामक निकायको कार्य प्रक्रिया जाँच गर्ने निर्देशन दिनेसम्बन्धी निकायलाई सचेत गराउने र जवाफदेहिता प्रवर्द्धनमा अभिभावकीय भूमिका निर्वाहा गर्नु पनि समितिको काम हो । अतः यस समितिको कार्यक्षेत्र विकासका साझेदारहरूसमेत पर्दछन् ।

सम्माननीय अध्यक्षज्यू, हाम्रो समितिले यो वार्षिक प्रतिवेदन गत श्रावण महिनामा नै तयार गरी कार्याव्यवस्थामा पठाएको भए तापनि COVID-19 लगायत संसद अधिवेशनको ढिलाइले गर्दामात्र अहिले सदनसमक्ष प्रस्तुत भएको कुरा म अवगत गराउन चाहन्छु । सम्माननीय अध्यक्षज्यू, समितिले सातै प्रदेशमा दिगो विकास लक्ष्यहरू प्रवर्द्धन गर्न सांसदहरूको समूहको लागि गरिबी निवारण, लैङ्गिक समानता तथा समावेशीकरण, जलवायु परिवर्तन, स्वास्थ्य, शिक्षा र कृषिलगायतका विषयवस्तु समावेश गरी जेनेरिक र प्राविधिक विषयमा क्षमता विकास कार्यक्रम आयोजना गरेको थियो । यसबाट दिगो विकास कार्यान्वयनमा ऐक्यबद्धता र स्थानीयकरणमा सहयोग पुगेको छ । अहिले समितिले दिगो विकास स्रोत केन्द्रको आफ्नै पोर्टल निर्माण गरेको छ । जसमार्फत दिगो विकास लक्ष्यसँग सम्बन्धित क्रियाकलाप जानकारी तथा सूचनाहरू नियमित सम्प्रेषण गरी

सबैको पहुँचमा हुने लक्ष्य लिएका छौं । समितिले नीतिगत सुधार, अध्ययन अनुसन्धान, स्थलगत अनुगमन, अन्तरक्रियात्मक कार्यक्रम, अध्ययन भ्रमण, अनुगमन र कार्यान्वयन निकायलाई निर्देशनजस्ता २३ वटा विषयक्षेत्रमा कार्ययोजना निर्माण गरी नियमित कार्यसम्पादन गर्दै आएको छ । समितिले चाडपर्वलाई मध्यनजर गरी खाद्य पदार्थको सहज आपूर्ति, यातायात क्षेत्रको नियमन, बजार अनुगमन सम्बन्धमा कार्यदल गठन गरी अनुगमनपश्चात भारतको सीमानामा जोडिएका नेपालका ३३ जिल्लाहरूमा नेपालीले भोग्नु परेको समस्या सम्बन्धमा सुरक्षा व्यवस्थापन सम्बन्धमा पूर्व सावधानी अपनाउन गृह मन्त्रालयलाई निर्देशन दिइएको, साथै कालिमाटी फलफूल तथा तरकारी पसल, सुपथ मूल्य पसल, टुकुचाको खसी बजार अवस्था अनुगमन गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिएको थियो । सहज यातायात व्यवस्थापनको लागि माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीलाई बैठकमा आमन्त्रण गरी सुरक्षित सडक व्यवस्थापन, यात्रुमैत्री व्यवहार एवम् सुरक्षित आवगमन सम्बन्धमा उपयुक्त कार्यनीति एवम् कार्याक्रम व्यवस्थापन गर्न मन्त्रालयलाई निर्देशन दिइयो । जनजीवनलाई सहज एवम् दैनिक उपभोग्य वस्तुको सहज व्यवस्थापनको लागि उद्योग, आपूर्ति तथा वाणिज्य मन्त्रालयको माननीय मन्त्री एवम् मन्त्रालयका सचिवलगायत विभागीय प्रमुखहरूसँग तत्कालीन अवस्था र गर्नुपर्ने तयारीका सम्बन्धमा जानकारी लिने एवम् निर्देशन दिने काम गरियो ।

राष्ट्रिय गौरवका आयोजना सम्बन्धमा मेलम्ची खानेपानी आयोजना, पश्चिम सेती जलविद्युत आयोजना, भेरी बबई डाइभर्सनको अनुगमन गरी आवश्यक महशुस भएको विषयमा निर्देशन दिने काम गरियो । विधेयकहरूलाई दिगो विकासको आयामबाट मूल प्रवाहीकरण गर्न योजना आयोग र विज्ञसमेतको सहयोगमा परीक्षण सूची तयार गर्ने कार्य सम्पन्न गरिएको छ । कर्णाली प्रदेशको जाजरकोट र दैलेख, सुदूरपश्चिम प्रदेशको कञ्चनपूर र डडेल्धुरा एवम् प्रदेश नम्बर दुईको सप्तरी र धनुषामा भौतिक पूर्वाधार र सुशासनसम्बन्धी कार्यक्रम गरियो । जिल्लास्थित विषयगत कार्यालयका प्रमुखहरू राजनीतिक दलहरू, जनप्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधिहरू एवम् पत्रकाहरूको सहभागितामा प्रतिजिल्ला सयौंभन्दा बढी व्यक्तिहरूको सहभागितामा भौतिक पूर्वाधार र सुशासनसम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरी सुशासन भ्रष्टाचार न्यूनीकरण एवम् जनशक्ति व्यवस्थापनलगायत पक्षमा सम्बन्धित निकायलाई निर्देशन दिने काम गरियो । काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका र धनुषाको कमला

नगरपालिकाको न्यायिक समितिको कार्यप्रक्रिया सम्बन्धमा स्थलगत अनुगमन गरी आवश्यक निर्देशन दिने कार्य गरियो ।

सम्माननीय अध्यक्षज्यू, विश्वभरि COVID-19 को महामारी एवम् नेपालमा पनि यसको सङ्क्रमण बढ्ने जोखिम रहेको सन्दर्भमा नागरिकहरूको सहज स्वास्थ्य पहुँच परीक्षण किट एवम् स्वास्थ्य सामग्रीको उपलब्धतालगायत सरकारको भूमिकालाई पारदर्शी, जवाफदेही, वस्तुपरक र सामाजिक न्याय एवम् मानव अधिकारको संरक्षणजस्ता सुशासनका मुलभूत मान्यतामा केन्द्रित हुन सरकारलाई निर्देशन दिने काम गरियो । साथै जलवायु परिवर्तनलगायत COVID-19 को सन्दर्भमा समितिका माननीय सदस्यहरू र वातावरण विज्ञबीच आमुन्ने-सामुन्ने मोडालिटी तथा भर्चुअल माध्यमबाट वेबिनार सञ्चालन गरियो । समितिले दिगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष माननीय डा. पुस्पराज कडेल, महालेखा परीक्षक माननीय टङ्कमणि शर्मा, नेपाल सरकारका मुख्य सचिव श्री लोकदर्शन रेग्मी र महालेखा नियन्त्रक गोपिनाथ मैनालीसँग दिगो विकास र सुशासन सम्बन्धमा क्षेत्रगत जानकारी लिने एवम् आवश्यक निर्देशन दिने कामसमेत गरिएको छ । यसका अतिरिक्त कोभिड महामारीको सन्दर्भमा शिक्षा क्षेत्रमा देखिएको समस्या सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री माननीय गिरिराजमणि पोखरेललाई बैठकमा आमन्त्रण गरी मन्त्रालयको तयारी सम्बन्धमा जानकारी लिने एवम् आवश्यक निर्देशन दिने कामसमेत भएको छ । सम्माननीय अध्यक्षज्यू, अन्त्यमा समितिको कार्यलाई निरन्तर मार्गदर्शन गर्नुहुने सम्माननीय अध्यक्षज्यू एवम् माननीय उपाध्यक्षज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । समितिको कार्यमा निरन्तर दत्तचित्तले खटिनुहुने समितिका माननीय सदस्यहरू, समितिको बैठकमा उपस्थित भई हाम्रो कार्यलाई प्रत्यक्ष एवम् परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने माननीय मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीयज्यूहरू, नेपाल सरकारका कर्मचारीहरू, विषयविज्ञहरू, समितिका सचिवलगायत अन्य कर्मचारीहरू, पत्रकार मित्रहरूप्रति समिति सभापतिको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु । यो समितिको वार्षिक प्रतिवेदन संसदसमक्ष पेश गर्दछु । धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब अर्को बैठक २०७७ पुस २६ गते आइतबार दिनको १ः०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर अर्को बैठक २०७७ पुस २६ गते आइतबार दिउँसो १ः०० बजे बस्ने गरी यो आजको बैठक स्थगित भयो ।)

**अन्त्यः- दिउँसो २ः५० बजे ।**